# भूकम्पपछि रसुवामा राज्यको "रेस्पोन्स"

रुख गुरुङ

यो लेख रसुवाको हाकुमा २०७२ सालको भूकम्पपछि राज्यले खोज, उद्धार, राहत तथा पुनर्निर्माण गर्दा देखिएको जटिलता र हाकुलीले विपद् खेप्दाको नालीबेलीबारे हो ।[1] कम्पन र क्षतिको हिसाबले सो भूकम्प नेपालमा १९९० सालपछि आएको सबैभन्दा ठुलो भूकम्प हो । भूकम्पले नेपालको मध्य भागमा रहेका १४ जिल्लामा जनधन र जनजीविका क्षतविक्षत बनायो, र अरू १७ जिल्लालाई प्रभावित गऱ्यो ।[2] नेपाल सरकारको प्रतिवेदन अनुसार भूकम्पले करिब ९ हजार (करिब ५६% महिला सहित) मानिसको मृत्यु भयो,[3] २२ हजारभन्दा बढी घाइते भए, र ८० लाख मानिस प्रत्यक्ष रूपमा प्रभावित भए (नेशनल प्लानिङ कमिशन सन् २०१५) । यसरी मृत्यु हुनेमा करिब ३८ प्रतिशत तामाङ, करिब १३ प्रतिशत नेवार र करिब १४ प्रतिशत गुरुङ, माझी, दनुवार, थामी, पहरी, चेपाङ, ह्योल्मो, शेर्पा, सुनुवार र अन्य आदिवासी थिए (तामाङ २०७३) । भूकम्पबाट प्रभावित भएका मध्ये हजारौँ वृद्ध, अपांगता भएका र सीमान्तीकृत समूहलाई तत्काल विशेष राहतको आवश्यकता पऱ्यो ।

भूकम्प लगत्तै राज्यले खोज र उद्धारको लागि आफूसँग उपलब्ध सबै संयन्त्रलाई परिचालन गऱ्यो (गृह मन्त्रालय २०७२) । राज्यले विभिन्न चरणमा १४ जिल्लालाई संकटग्रस्त क्षेत्र घोषणा गरेर काम-कारवाही अघि बढायो । नेपाली सेनाले ९० प्रतिशत फौज फिल्डमा खटायो (नेपाली सेना २०७२क) । साथै, नेपाली सेनाको कमाण्डमा सशस्त्र

[1] मैले यो अनुसन्धानमा हाकु गाविसलाई हाकु गाउँ भनेको छु । अनुसन्धान गर्दा हाकु गाविस भए पनि सन् २०१७ मा देश संघीयतामा गएपछि हाकु दुई फरक गाउँपालिकामा परेको छ ।

[2] अप्रिल २५, २०१५ को मन्त्रिपरिषद्को निर्णय अनुसार शुरूमा ११ जिल्ला (रामेछाप, दोलखा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, भक्तपुर, काठमाडौँ, ललितपुर, धादिङ, नुवाकोट, रसुवा र गोरखा) लाई संकटग्रस्त तोकिएको थियो । अप्रिल २६, २०१५ को निर्णयले सिन्धुली जिल्ला थप गऱ्यो । र, अप्रिल ३०, २०१५ को मन्त्रिपरिषद्को निर्णयले मकवानपुर र ओखलढुंगा थप्यो, र थप १७ जिल्ला (अर्घाखाँची, कास्की, खोटाङ, गुल्मी, चितवन, तनहुँ, धनकुटा, नवलपरासी, पर्वत, पाल्पा, बाग्लुङ, भोजपुर, म्याग्दी, लमजुङ, संखुवासभा, सोलुखुम्बु र स्याङ्जा) लाई प्रभावित क्षेत्र घोषणा गऱ्यो ।

[3] यो नेपाल प्रहरी (२०७२) ले तयार पारेको मृतकको विवरणमा आधारित छ ।

*समाज अध्ययन* १५ : ३३–५८, २०७७

प्रहरी बल र नेपाल प्रहरी खोज, उद्धार र राहतमा खटिए । निजामती कर्मचारीले सूचना संकलन गर्ने र खोज, उद्धार तथा राहतको लागि प्रशासनिक कार्य मिलाउने काम गरे (गृह मन्त्रालय २०७२) ।

भूकम्पपछि राज्यको काम-कारवाहीलाई लिएर यसको पक्ष र विपक्षमा प्रशस्तै बहस भए । खास गरी, नेपाली सेनाले खोज र उद्धारमा गरेको कामको धेरैले प्रशंसा गरे र पुनर्निर्माणमा समेत नेपाली सेनाको आवश्यकता रहेको बताए (उप्रेती २०७२; देवकोटा २०७२ख; बानियाँ २०७२; रायमाझी २०७२; शाह २०७२) । त्यसै गरी, नेपाली सेनाले विपद्पछि सरकारको विषयगत क्षेत्रमा नेतृत्व लिने मन्त्रालय तथा निकाय प्रभावकारी नहुँदा, साथै यो निकाय र राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रबीच समन्वय नहुँदा, राहत सामग्री संकलन र वितरणमा असमानता भयो भनेर समग्र नेतृत्वको कमजोरी औँल्यायो (नेपाली सेना २०७२ग) ।

भूकम्प लगत्तै भएका केही अध्ययनमा राज्यको खोज, उद्धार, राहत र पुनर्निर्माणलाई लिएर राज्य अक्षम, असफल भएका विभिन्न टिप्पणी आए । उदाहरण लागि, राज र गौतम (सन् २०१५) का अनुसार राज्यले भूकम्प गए लगत्तै खोज र उद्धार थालनी गरे पनि राज्यसँग पर्याप्त सही सूचनाको अभाव, तयारीको कमी, पर्याप्त प्राविधिक ज्ञानको कमी, उपयुक्त उपकरणको अभावमा उद्धार टोली धेरै ठाउँमा अलमल परे । विभिन्न समूह स्वत: स्फूर्त रूपमा खोज, उद्धार र राहतमा सहभागी भए । विदेशबाट १८ देशका सैनिक टोली र १६ देशका गैरसैनिक टोली पहिलो हप्ता नै खोज र उद्धारको लागि नेपाल आए (सुब्बा सन् २०१५) । त्यसरी नै, पहिलो हप्ता दुई सयभन्दा बढी अन्तर्राष्ट्रिय उद्धार र राहत टोली नेपाल ओर्लिए । सहयोगको लागि ल्याएको विशेष गरी राहत सामग्री विमानस्थलबाट पार गर्न यी टोलीले सरकारको ढिला-सुस्ती, झञ्झट र "ब्युरोक्रेटिक" प्रक्रियाको मार खेपे (तामाङ सन् २०१५) । सरकारका अधिकांश सरकारी निकायमा काम गर्ने कर्मचारीलाई फिल्डमा पुग्न निर्देशन जारी गरियो; धेरै फिल्डमा पुगे । तर, उद्धारमा खटिने उद्धारकर्तामा जुन तहको प्राविधिक ज्ञानको आवश्यकता पर्छ, धेरैले त्यो ज्ञानको कमी भएको महसुस गरे (राज सन् २०१५) ।

राज्यको कामलाई लिएर भुइँतहमा एक प्रकार अन्योल देखियो । राज्यको अकर्मण्यता र भूकम्प पछिको कार्यक्रममा राजनीतिकरण र विभेदको बहस धेरै पाइन्छ । विभेदमा परेका भनिएका नागरिकले भौगोलिक विषमता र सामाजिक असमानता भएको क्षेत्रमा सरकारको कार्य चुस्त-दुरुस्त नभएको गुनासो गरे । उदाहरणका लागि, शेर्पा जातिको प्रतिनिधि मण्डलले तत्कालीन प्रधानमन्त्री सुशील कोइराला र प्रधान सेनापति गौरव शमशेर राणालाई भेटेर खोज तथा उद्धार, राहत र पुनर्स्थापनाको काममा सरकारको ध्यान नगएका

भूकम्प प्रभावित हिमाली जिल्लाका गाविसहरूको सूची सहित ध्यानाकर्षण गरायो ।[४] राज्यले गरेको काम-कारवाहीमा नागरिकको तहबाट गरेको यो प्रतिनिधि ध्यानाकर्षण थियो । राज्यको नीति-कार्यक्रमले पिँधमा बस्ने, ऐतिहासिक रूपमा पछि पारिएको, संरचनात्मक विभेद भोग्दै आएको रसुवाको तामाङलाई छुन नसकेको समाचार आयो (घले सन् २०१५ए, सन् २०१५बी) । यही वरिपरि, राज्यले लागू गरेको एकद्वार प्रणाली जिल्लामा बसेर अनुमति बाँड्ने व्यवस्था भएको भनेर आलोचना समेत भयो (देवकोटा २०७२क) । बहु-राजनीतिक दल भएका वा राजनीतिक संयन्त्रबाट चलेको ठाउँमा एकद्वार प्रणाली उपयोगी हुन नसक्ने भनियो । राज र गौतम (सन् २०१५) ले काठमाडौँ, ललितपुर र भक्तपुरमा गरेको अनुसन्धानले भक्तपुर जस्तो एकल पार्टीको वर्चस्व भएको ठाउँमा समेत एकद्वार प्रणाली उपयुक्त हुन नसकेको तर्क गरे ।

यो लेख मूलतः विपद्पछि राज्यले गरेको "रेस्पोन्स" को समालोचना हो । हाकु ऐतिहासिक रूपमा संरचनात्मक विभेद भोगेको, भौगोलिक विकटता भएको, ठुला परियोजनाको शक्ति संरचनामा गुजुल्टिएको, र भूकम्पले क्षतविक्षत भएर ठुलो संख्यामा मानिस विस्थापन भएको गाउँ हो । राज्यले भूकम्प पछिको अवस्थामा अगाडि सारेका विभिन्न कार्यक्रमले यस्ता विशिष्ट स्थानीय परिस्थिति र "बहुल आयाम" लाई सम्बोधन गर्न कसरी गाह्रो भयो भन्ने विश्लेषण लेखमा गरिएको छ । साथै, यो लेखले राज्यले नागरिकको विविधता खुट्ट्याउन नसक्दा पुनर्निर्माणमा अलमल भएर राज्यको प्रयत्न कमजोर भएको र परिणामतः जटिलता थपेको तर्क गर्छ ।

प्रस्तुत लेख डिसेम्बर २०१५ देखि मे २०१६ सम्म पहिलो, मार्च २०१८ मा दोस्रो स्थलगत अध्ययन र त्यसपछि पनि पटक-पटक फोन तथा प्रत्यक्ष भेटवार्तामा आधारित छ । तथ्यांक संकलनका क्रममा स्थानीय जनप्रतिनिधि, जिल्लामा सक्रिय राजनीतिक दलका प्रतिनिधि, शिक्षक, सरकारी कर्मचारी, नागरिक समाजका प्रतिनिधिसँग प्रत्यक्ष भेटवार्ता तथा कुराकानी गरिएको थियो । स्थानीय व्यक्तिबीच प्रत्यक्ष र अप्रत्यक्ष रूपमा भइरहेका संवाद, क्रियाकलाप र छलफलको पनि अवलोकन गरिएको थियो । यो लेखको पहिलो खण्डमा भूकम्प गएपछि राज्यद्वारा खोज, उद्धार र राहतका लागि रसुवामा भएको "रेस्पोन्स" को नालीबेली हुनेछ, जसबाट नीतिगत निर्णय र त्यसले भुइँ तहमा पारेको प्रभावलाई बुझ्न सकिन्छ । दोस्रो खण्ड भूकम्प पीडितको पहिचान र वर्गीकरणबारे हुनेछ,

[४] मे २७, २०१५ मा तत्कालीन सभासद ल्यारक्याल लामा, नेपाल आदिवासी जनजाति महासंघका डण्डु ढोक्प्या, नेपाल बौद्ध महासंघका नोर्बु शेर्पा, पूर्व सभासद जिपछिरिङ शेर्पा, पूर्व सभासद आङदावा शेर्पा, पूर्व सभासद पासाङ शेर्पा, नेपाल आदिवासी जनजाति महासंघका पूर्व महासचिव आङकाजी शेर्पा लगायतको प्रतिनिधि मण्डलले प्रधानमन्त्री र प्रधान सेनापतिलाई भेटेर ज्ञापनपत्र बुझाएका थिए ।

र राज्यको नीति-नियम अनुसार भूकम्प प्रभावितको पहिचान र वर्गीकरण गर्दा भएको राजनीति र परिस्थितिको चर्चा गरिनेछ। तेस्रो खण्ड राज्य, पुनर्निर्माण र व्यवस्थापनबारे हुनेछ। यस खण्डमा भूकम्प पछिको पुनर्निर्माण र राज्यले अनुसरण गरेका केही नीति र अभ्यासबारे छलफल गरिनेछ। चौथो खण्ड भुइँ तहको जटिलताबारे हुनेछ। यसमा मूलतः गुठी जग्गा, विस्थापित नागरिक, राज्यले पुनर्निर्माणको लागि हाकुको जिम्मा लिएको माथिल्लो त्रिशूली-१ २१६ जलविद्युत परियोजनाको रेस्पोन्सबारे चर्चा हुनेछ, र हाकुको विशिष्ट कारणले गर्दा कसरी राज्यले हाकुलाई नजरअन्दाज गऱ्यो भन्नेबारे विश्लेषण हुनेछ।

## खोज, उद्धार र राहतमा राज्य

रसुवामा नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीले भूकम्पको पहिलो दिन (अप्रिल २५, २०१५) धुन्चे वरिपरिबाट खोज र उद्धार शुरू गरेका थिए। सशस्त्र प्रहरी बलले अप्रिल २५ मा धुन्चेमा भूकम्पले भत्किएको भवनबाट दुई जना बालिकालाई सकुशल उद्धार गरेको थियो।[५] सो दिन जिल्लास्थित सरकारी संयन्त्रलाई भूकम्पबाट कहाँ, कति क्षति भयो भनेर ठम्याउन दिनभरि लाग्यो। धुन्चे बाहिरको उद्धार कार्य भने दोस्रो दिनबाट मात्रै प्रारम्भ भएको थियो। यो खोज कार्य र उद्धारको नेतृत्व नेपाली सेनाको नारायण दल गणले लिएको थियो। श्री महावीर रेञ्जरको डिजास्टर एसेस्मेन्ट एण्ड रेञ्जर टिम अप्रिल २६ को दिन खोज तथा उद्धारार्थ पहिलो पटक लाङटाङ उत्रेको थियो। सेनाको टास्क फोर्स-ए केङजिन र लाङटाङ, टास्क फोर्स-बी रसुवागढी, टास्क फोर्स-सी मैलुङ र टास्क फोर्स-डी राम्चे इलाकामा खोज तथा उद्धारमा खटिएका थियो (नेपाली सेना २०७२घ)। खोज र उद्धार कार्यमा नेपाली सेनालाई सशस्त्र प्रहरी बल र नेपाल प्रहरीले साथ थियो। भूकम्प लगत्तै माथिल्लो त्रिशूली-१ जलविद्युत परियोजना वरिपरि मैलुङ गाउँमा ठुलो सुक्खा पहिरो गयो। यस परियोजनामा काम गर्ने कामदार र स्थानीयको खोज र उद्धार टास्क फोर्स-सीले गरे पनि नजिकैको हाकु गाउँसम्म भने कुनै उद्धारकर्ताको टोली तुरुन्तै पुग्न सकेको थिएन। एक हप्तापछि भने ठुलो हाकु, सानो हाकु र हाकुबेसीबाट स्थानीयले गाउँ छाड्न थाले। ठुलो हाकुको कम्तीमा ५० घरपरिवार गाउँमै बसे। यी हाकुलीलाई भरथेग गर्न गाउँमा सेनाले क्याम्प राखे। गाउँमा बन्द भएको हाकु मावि सुचारु गर्न सेनाले पढाएर सहयोग गरेको थियो। तथापि, मेरो स्थलगत अध्ययन कार्यको क्रममा सेनाले पढाएको बुझ्न गाह्रो भएको भन्ने हाकुमा तामाङभाषी विद्यार्थी प्रशस्त भेटिए।

भूकम्प पछिको हिमपहिरोले लाङटाङ उपत्यकाको पूरै लाङटाङ गाउँ पुरिएको थियो। नेपाली सेनाको २०७२ असार मसान्त सम्मको प्रतिवेदन अनुसार यस हिमपहिरोबाट १७७

[५] रसुवाका एक पत्रकारसँग मार्च १५, २०१६ मा धुन्चेमा गरिएको कुराकानी।

जनाको शव झिकिएको थियो (नेपाली सेना २०७२ख) ।[६] कम्तीमा पनि तीन महिनासम्म सबै स्थानीयहरू लाङटाङ उपत्यकाबाट विस्थापित भएका थिए ।[७] पर्यटकीय क्षेत्र पनि भएकाले लाङटाङमा राज्यको खोज र उद्धार टोली केन्द्रित भयो । पर्यटनको मौसम भएकोले सयौँ पर्यटक लाङटाङ पुगेका थिए । नागासाकी र हिरोसिमामा खसालिएको एटम बमको आधा शक्ति बराबरको हिमपहिरो फुटेको खबर स्वदेशी र विदेशी मिडियामा भूकम्प लगत्तै र भूकम्प गएको केही समय पछिसम्म आउनुले धेरैको ध्यान लाङटाङतिर तानेको थियो (ब्यारी सन् २०१५) । साथै, सयौँको संख्यामा लाङटाङ पुगेका पर्यटकका परिवार र विगतमा लाङटाङ पुगेका पर्यटकका चासोले गर्दा पनि भूकम्प र लाङटाङको हिमपहिरोलाई अन्तर्राष्ट्रियकरण हुन सघायो । यसले गर्दा पनि खोज र उद्धारको प्राथमिकतामा रसुवाका अरू गाविस केही दिनसम्म पर्न सकेनन् ।

हाकुली घाइते रुँगेर बसिरहँदा हेलिकप्टर आयो कि लाङटाङ गइहाल्थ्यो । लाङटाङमा तत्काल गर्नुपर्ने उद्धार सकेर हाकुमा उद्धार गर्न लाङटाङको केङजिनका एक स्थानीय व्यवसायी हाकु पुगेका थिए । उनी भन्छन्, "लाङटाङमा उद्धार सकेर म हेलिकप्टर पाइलटको आग्रहमा हाकु पुगेको थिएँ । हेलिकप्टर पाइलटले आपत पर्दा सबै स्थानीय हेलिकप्टर चढ्न खोज्लान् भने । त्यसैले म सम्भावित भीड व्यवस्थापन गर्न पुगेँ ।"[८] जिल्लास्थित एक पत्रकारका भनाइले पनि लाङटाङ प्राथमिकतामा परेको तर्कलाई पुष्टि गर्न आधार मिल्छ भने हाकु कम प्राथमिकतामा थियो भन्ने तर्कलाई बल प्रदान गर्छ । उनको शब्दमा, "लाङटाङका घाइतेलाई उद्धार गरिसकेपछि उद्धार टोली लाङटाङकै सर्वसाधारणलाई उद्धार गर्न थालेको थियो । तर, अन्य ठाउँको घाइतेलाई पनि उद्धारमा प्राथमिकता दिनुपर्ने कुरा उठ्यो । त्यसपछि मात्र अरू गाउँले पालो पाए ।"[९]

पाँच दिनपछि हेलिकप्टर ल्याएर घाइतेको उद्धार गरेपछि मात्रै हाकु गाउँले राज्य भएको अनुभूति गरेको थियो । भूकम्प लगत्तै गाउँको अवस्थाबारे स्थानीयले सबैभन्दा पहिला फोनका माध्यमबाट राज्य संयन्त्रलाई जानकारी गराएका थिए । उनीहरूले जिल्ला प्रशासन कार्यालय, तत्कालीन जिल्ला विकास समिति,[१०] संविधान सभाका सदस्य, र स्थानीय

[६] यो तथ्यांक जुलाई १७, २०१५ सम्मको मात्र भएकोले सो हिमपहिरोमा परेर ज्यान जाने र बेपत्ता हुनेको संख्या यो भन्दा बढी छ । लाङटाङमा १७५ जना स्थानीय, २७ जना पथप्रदर्शक र ४१ जना विदेशी पर्यटक गरेर २४३ जनाको मृत्यु भएको थियो (होरेल सन् २०१७) ।

[७] चरणबद्ध रूपमा स्थानीय लाङटाङ फर्के । मे ९, २०१६ मा परेको ग्याल्पो ल्होसार मनाउन धेरै स्थानीय लाङटाङ फर्के ।

[८] लाङटाङको केङजिनका व्यवसायीसँग मार्च २४, २०१६ मा गरिएको कुराकानी ।

[९] रसुवाका एक पत्रकारसँग फ्रेब्रुअरी २८, २०१६ मा गरिएको कुराकानी ।

[१०] हालको जिल्ला समन्वय समिति ।

राजनीतिक पार्टीको जिल्ला नेतृत्वलाई जानकारी गराएका थिए । उनीहरूले गाउँ क्षतविक्षत भएको र घाइतेको अवस्था नाजुक भएकोले सकेसम्म छिटो उद्धार गरिदिन आग्रह गरेका थिए । हाकुका एक स्थानीय उक्त घटनालाई यसरी सम्झन्छन् :

> घाइतेहरूको शरीर तीन दिन पुगेपछि गन्हाउन थालेको थियो । घाइतेहरूको उद्धारबारे दोधार देखेपछि मैले प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकारीलाई घाइते मरे यसको जिम्मा लिनुपर्ने बताएँ । जिल्लाले भने हेलिकप्टर बस्ने ठाउँ नभएकोले आउन नसकिने उत्तर दिन्थ्यो । हामी के गर्ने-नगर्ने अन्योलमा थियौँ । तर, राज्यले हाम्रोतिर [हाकुको माथिल्लो क्षेत्र] का स्थानीयलाई पाँचौँ दिनमा पाङलिङमा [गाउँभन्दा अलि तल] हेलिकप्टर बस्न सक्ने ठाउँमा ल्याउन लगाएर घाइतेको उद्धार गऱ्यो ।[११]

हाकुलीले पार्टीका केन्द्रीय नेतालाई पनि सहयोगको याचनासहित फोन गरे । नेतृत्वले पनि तत्काल हाकुलीको घाउमा मलम लगाउन सकेन । हाकुको तल्लो क्षेत्रका घाइतेको उद्धार पनि पाँचौँ दिनमा मात्रै भयो । घाइतेको उद्धार समयमै भएको भए कम्तीमा थप तीन जनाको ज्यान बचाउन सकिन्थ्यो भन्ने गाउँलेलाई लाग्छ ।[१२] यसले हाकुमा राज्यले जानी-बुझीकनभन्दा पनि गाउँलेको अग्रसरता र लाङटाङ तिरको उद्धार कार्य सकेपछि मात्र आफ्नो उपस्थिति देखाएको थियो भन्न सकिन्छ । एकतिर, रसुवाको सदरमुकाम धुन्चेसँग जोडिएको गाविस भए पनि भौगोलिक विषमताले चेपेको कारणले हाकु खोज र उद्धारमा प्राथमिकतामा पर्न ढिलो भयो । अर्कोतिर, लाङटाङसँग भएको सामाजिक पूँजी, पर्यटन क्षेत्रका रूपमा पहिचान, विश्वव्यापी सञ्जाल, र बढी क्षति भएका कारण लाङटाङ प्राथमिकतामा पऱ्यो ।

भूकम्प गएपछिको पहिलो हप्तामा रसुवाको प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला दैवी प्रकोप उद्धार समिति गठन भयो । यसमा विभिन्न पार्टी (मूलतः नेकपा-एमाले, एकीकृत माओवादी, नयाँ शक्ति र नेपाली काँग्रेस) को प्रतिनिधित्व रह्यो ।[१३] यस समितिमा अरू पार्टीका प्रतिनिधि, स्थानीय बुद्धिजीवी र पत्रकार पनि सदस्य रहे । खोज, उद्धार र राहत वितरणको प्रशासनिक काम भने काठमाडौँबाट खटिएको सहसचिवको नेतृत्वमा भएको थियो । तत्कालीन हाकु गाविस तहमा गाविस सचिव निर्मल मगरातीको नेतृत्वमा

[११] हाकुका एक स्थानीयसँग फेब्रुअरी २५, २०१६ मा गरिएको कुराकानी ।

[१२] हाकुस्थित राजनीतिक पार्टीका एक स्थानीय प्रतिनिधिसँग फेब्रुअरी २६, २०१६ मा गरिएको कुराकानी ।

[१३] नेकपा-एमाले र एकीकृत माओवादी मिलेर मे १७, २०१८ मा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनेको छ भने नयाँ शक्ति हाल जनता समाजवादी पार्टीमा समाहित छ ।

स्थानीय राजनीतिक पार्टी सम्मिलित दैवी प्रकोप उद्धार समिति गठन भएको थियो ।[१४] यसले प्रारम्भमा राहत कार्यक्रमलाई सहजीकरण गर्‍यो । राहत प्रक्रियालाई व्यवस्थित गर्ने क्रममा कम राहत आएको खण्डमा समितिले सुरक्षित राख्ने र अरू थप राहत आएपछि सबैलाई दिने नियम बनायो । राजनीतिक दलले लुकाएर आफ्ना मान्छेलाई राहत दिएको गुनासो सर्वसाधारणबाट आएपछि, जसले राहत ल्याएको हो उसकै हातबाट राहत प्रदान गर्ने निर्णय भयो ।[१५] यो समिति भूकम्प पीडित वर्गीकरण र सरकारको काम-कारवाहीमा बाहेक अरू बेला सक्रिय हुन सकेन । सरकारले गठन गरेको यो संयन्त्र एक हिसाबले निष्क्रिय भयो । प्रत्येक शिविर व्यवस्थापनका लागि शिविरैपिच्छे स्थानीय आफैले समिति खडा गरे । यही समिति मार्फत शिविरको लगत संकलन, राहत कार्यक्रममा सहजीकरण, शिविरमा परेको पिरमर्काबारे छलफल हुने गर्थ्यो ।[१६] सरकारको निर्देशनमा गाविस सचिवको नेतृत्वमा गठित राज्यको उद्धार समितिभन्दा शिविरपिच्छेका आफ्नै सक्रियतामा गठन भएका समिति भुइँ तहमा चलायमान देखिए ।

व्यवस्थापिका-संसदमा नेपाल सरकारलाई थप राय, सल्लाह, सुझाव वा निर्देशन दिन मे १३, २०१५ मा विपद् व्यवस्थापन, अनुगमन तथा निर्देशन समिति २०७२ गठन भयो । यो समितिको मे १४ मा बसेको बैठकले अति प्रभावित १४ जिल्लामा अनुगमनका लागि संसदीय टोली खटाउने निर्णय गर्‍यो । सो निर्णय अनुसार रसुवा जिल्लामा मे १५ देखि मे २१ सम्म उषा गुरुङ, दामोदर भण्डारी, दलजित वि.क. श्रीपाली र जितेन्द्र नारायण देवको एक टोलीले स्थलगत भ्रमण गर्‍यो । यो टोलीले प्रभावित क्षेत्रको स्थलगत अवलोकन भ्रमणका क्रममा क्षति, उद्धार र राहतको विवरण संकलन, सर्वदलीय बैठक, र जिल्ला दैवी प्रकोप उद्धार समितिमा संलग्न सरकारी निकायका सम्बन्धित व्यक्ति, उद्धार तथा राहत वितरण कार्यमा संलग्न रहेका व्यक्तिका साथै प्रभावित व्यक्तिसँग छलफल गर्‍यो । टोली धुन्चे, राम्चे, स्याफ्रु, भोर्ले, धैबुङमा पुग्नुका अतिरिक्त हाकुबाट विस्थापित भएर धुन्चे, बेत्रावती, कालिकास्थानको गोम्बोडाँडामा शिविर बनाएर बसेकाहरूलाई भेट्न पुगेको थियो । त्यसैगरी लाङटाङबाट विस्थापित भएर काठमाडौँको पहेँलो गुम्बामा आएर बसेकाहरूलाई समेत टोलीले भेटेको थियो । यो टोलीको प्रतिवेदन अनुसार रसुवाको १८ ओटा गाविसमा सहजै राहत पुर्‍याउन धुन्चे, कालिकास्थान, स्याफ्रु, चिलिमे र टिमुरेमा राहत वितरण केन्द्र

[१४] हाकु गाविसका तत्कालीन सचिव निर्मल मगरातीसँग डिसेम्बर २९, २०१५ मा गरिएको कुराकानी ।

[१५] हाकुस्थित राजनीतिक पार्टीका एक स्थानीय प्रतिनिधिसँग मार्च १३, २०१६ मा गरिएको कुराकानी ।

[१६] हाकुस्थित राजनीतिक पार्टीका एक स्थानीय प्रतिनिधिसँग मार्च १३, २०१६ मा गरिएको कुराकानी ।

स्थापना गरिएको थियो । यो टोलीले लाङटाङ, हाकु, डाँडागाउँ, धुन्चे र राम्चे (१, ५ र ६ वडा) लाई अति जोखिमपूर्ण बस्तीका रूपमा पहिचान गऱ्यो । यी स्थान पुनः बसोबासयोग्य नभएकोले तुरुन्तै अन्य सुरक्षित क्षेत्र खोजेर बसोबासको व्यवस्था गर्नुपर्ने निष्कर्ष समेत उक्त टोलीले निकालेको थियो (गुरुङ र अरू २०७२) ।

## भूकम्प पीडितको पहिचान र वर्गीकरण

राज्य पक्षबाट भूकम्प प्रभावित क्षेत्रमा क्षतिको लगत कम्तीमा पनि तीन पटक लिएको देखिन्छ । पहिलो चरणको लगत गाविस तहको कर्मचारी, नागरिक वडा मञ्चका प्रतिनिधि र स्थानीय मिलेर मे २०१५ मा लिइएको थियो । दोस्रो चरणको लागि मे २०१५ मै अति प्रभावित १४ जिल्लामा लगत टोली खटाउन केन्द्रीय दैवी प्रकोप उद्धार समितिको सिफारिस बमोजिम मन्त्रिपरिषद्ले भूकम्प प्रभावित क्षेत्रमा खटिने टोलीको संक्षिप्त कार्यविधि २०७२ स्वीकृत गऱ्यो । यो कार्यविधि अनुसार सो टोलीले यी अति प्रभावित १४ जिल्लामा विपद् पछिको आवश्यकता आकलन (पोस्ट-डिजास्टर नीड एसेस्मेन्ट) कार्य र गाविसको उद्धार, राहत र शीघ्र पुनर्लाभ समेतको कार्यलाई व्यवस्थित गर्न एक जनाको दरले उपसचिव, शाखा अधिकृत, वा विद्यालय निरीक्षक; सिभिल इन्जिनियर वा सबइन्जिनियर; सहायक स्तरको नायब सुब्बा वा खरिदार; सम्बन्धित गाविसको सचिव वा नगरपालिकाको वडा सचिव वा प्राविधिक सहायक; र कार्यालय सहयोगी सहित पाँच जनाको एक टोली खटाउने व्यवस्था थियो (नेपाल सरकार २०७२) । यो टोलीले मे २०१५ मा हाकुमा फेरि लगत लियो । खास भूकम्प पीडितको पहिचानमा राजनीति भएको कुरा बाहिर आएपछि आवासका लागि अनुदान दिनुभन्दा पहिला दाताले खास भूकम्प पीडितको लगत संकलन गर्नुपर्ने शर्त अगाडि राख्यो (गौतम र कुमार २०७३) । तेस्रो चरणमा, राज्यले भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण अनुदान दिन पहिलाको सबै तथ्यांकलाई मान्यता नदिने गरी केन्द्रीय तथ्यांक विभागबाट डिसेम्बर २०१५ देखि करिब दुई महिना लगाएर भूकम्प प्रभावित आवास पुनर्निर्माण लगत संकलन कार्यक्रम अन्तर्गत तथ्यांक संकलन गऱ्यो । तथापि, विभिन्न गैरसरकारी संस्था र निजी क्षेत्रका सरोकारवालाहरूले आफ्नो आवश्यकता अनुसार लगत संकलन गरेको उदाहरण पाइन्छ । यस्तो लगत संकलन प्रायः ती सरोकारवालाहरूले आफ्नै प्रयोजनका लागि गरेको देखिन्छ । साथै, तिनले लिएको प्राय: लगत बाहिर सार्वजनिक भएका छैनन् ।

पहिलो र दोस्रो लगत संकलनमा पूर्ण, आंशिक र सामान्य क्षतिमा को पर्ने वा नपर्ने भन्ने विषयमा देशैभर विवाद भएको पाइन्छ । यसमा राजनीतिक प्रभाव र शक्तिको आडमा आफ्नो मान्छेलाई फाइदा हुने गरी भूकम्प प्रभावित पहिचान गरेको कुरा सतहमा आयो (द एशिया फाउण्डेशन, युके एड र डेमोक्रेसी रिसोर्स सेन्टर सन् २०१५) । सरकारले भूकम्प

प्रभावित घरलाई रातो, पहेँलो र हरियो समूहमा वर्गीकरण गर्ने भयो । राज र गौतम (सन् २०१५) ले प्राविधिकले हेरेको आधारमा मात्रै गरिने वर्गीकरण न्यायोचित नहुने तर्क गरेका छन् । बस्नै नमिल्ने घरलाई पनि आंशिक (पहेँलो) क्षतिको समूहमा राखिए । रसुवाको स्याफ्रुबेसीमा भने होटेलवालाले पर्यटकलाई मध्यनजर गरेर क्षति भएको घरलाई पनि आंशिक क्षतिमा राखे । तर, पर्यटकको चहलपहल नदेखेपछि फेरि पूर्ण क्षतिमा राखेको पाइयो ।[१७]

पराजुली (सन् २०१५) ले राज्यले "परिवार" लाई हेर्ने द्वैध चरित्रमाथि आलोचना गरेका छन् । उनी राज्यले कर लिने बेलामा "परिवार" मा अभिभावक नचिन्ने तर भूकम्प पीडित पहिचान गर्दा अभिभावक सहित "परिवार" लाई मान्यता दिने द्वैध चरित्र देखाइरहेको बताउँछन् । उनका अनुसार ठुलो विपद्लाई रेस्पोन्स गर्ने मामिलामा राज्यको सामूहिक र संस्थागत अक्षमता देखियो । भूकम्प लगत्तै परिवार, घर, स्वामित्व, बसाइ, एकाघर, सगोल जस्ता सामान्य शब्द समेत अस्पष्ट र द्वन्द्वग्रस्त भए (मार्टिन चौतारी २०७३) । तथापि, हाकुमा भने पूर्ण, आंशिक र सामान्य क्षतिको विवाद भएन, किनकि हाकुका सबै घर पूर्ण रूपमा क्षतिग्रस्त थिए । यहाँ पनि गाविसका दुई जना कर्मचारी, नागरिक वडा मञ्चका प्रतिनिधिहरू र स्थानीय मिलेर मे २०१५ मा पहिलो लगत लिए । घरधुरी सात सय भन्दा बढी आयो ।[१८] राष्ट्रिय जनगणना सन् २०११ अनुसार यहाँ जम्मा ४४३ घरधुरी थियो (गभर्न्मेन्ट अफ नेपाल सन् २०१४) । घरधुरी यति धेरै बढेपछि संकलित तथ्यांकप्रति जिल्लामा कसैलाई विश्वास लागेन । रसुवाको तत्कालीन जिल्ला विकास समितिले फेरि जिल्लाबाट खटाएका चार जना र गाविसका कर्मचारी मिलेर पुनः मे २०१५ मा नै हाकु गाउँको लगत लिए । अनि जिल्ला आएर सर्वदलीय संयन्त्रले रूजु गर्दा घरधुरी झन् बढेर ७५१ पुग्यो र जिल्ला विकास समितिले यसैलाई वैधानिकता दियो ।[१९] हाकु गाविसले तेस्रो पटक तथ्यांक संकलन भएर नआउँदासम्म यही घरधुरीको आधारमा भूकम्प पीडित पहिचान र राहतको काम गर्‍यो, र यसैका आधारमा सरकारले विभिन्न चरणमा प्रदान गरेको सात हजार, १५ हजार, १० हजार रुपैयाँ सहयोग हाकुलीले प्राप्त गरे ।[२०] तथापि, राहत र सरकारको राहत प्याकेज ७५१ जना घरधुरीमध्ये केहीले लिएनन् । यसो हुनुको पछाडि धेरै हाकुली भूकम्प लगत्तै गाउँ छाडेर काठमाडौँ र चितवनतिर निस्केका थिए ।

[१७] रसुवा स्याफ्रुबेसीका एक व्यवसायीसँग डिसेम्बर ३०, २०१५ मा गरिएको कुराकानी ।

[१८] हाकु गाविस सचिव निर्मल मगरातीसँग डिसेम्बर २९, २०१५ मा गरिएको कुराकानी ।

[१९] हाकु गाविसका तत्कालीन कर्मचारी भुजुङ तामाङसँग डिसेम्बर २७, २०१५ मा गरिएको कुराकानी ।

[२०] सरकारले विभिन्न चरणमा भूकम्प प्रभावितको लागि राहत स्वरूप भूकम्प गए लगत्तै सात हजार, अस्थायी वासस्थान बनाउन १५ हजार र जाडोमा न्यानो लुगाको लागि १० हजार रुपैयाँ दिएको थियो ।

तेस्रो पटक, डिसेम्बर २०१५ देखि जनवरी २०१६ सम्म हाकुमा दुई जना प्राविधिक र गाविसका दुई जना कर्मचारीको सहयोगमा पुनः लगत संकलन भयो । यो चरणमा हाकु गाविसका वडा ८ र ९ का स्थानीय बासिन्दा सुक्खा पहिरोले विस्थापित भएको कारण विस्थापित परिवारको गाउँ गएर लगत लिन सम्भव थिएन । त्यसैले लगत संकलकले स्थानीयको लगत शिविरमै लिएका थिए । यो चरणमा गरिएको लगत संकलन कार्यक्रम अन्तर्गत तथ्यांक संकलन गर्दा घरधुरी झन् बढेर ८०३ पुग्यो ।[२१]

राहत प्रक्रियामा अरू ठाउँमा जस्तै पार्टीगत राजनीतिबाट हाकु पनि अछुतो रहेन । राज्यका विभिन्न निकायले विभिन्न समयमा संकलन गरेका तथ्यांक सर्वदलीय संयन्त्रको रुजुबिना अघि बढ्न सक्दैनथ्यो । हाकुमा लिइएको पहिलो र दोस्रो चरणको लगत संकलनमा विभिन्न राजनीतिक पार्टीहरूलाई सँगै हिंड्न आग्रह गरे पनि कर्मचारीको जस्तो भत्ता नभएपछि उनीहरू लगत संकलनमा हिंडेनन् । कर्मचारीले संकलन गरेको तथ्यांक भने सबैले धुन्चे र विभिन्न विस्थापित शिविरमा बसेर रुजु गर्थे । तेस्रो चरणको लगत संकलनका क्रममा घरमूली अरूबाट प्रभावित नहोस् भनेर छुट्टै राखेर लगत लिनुपर्ने उपाय गरियो । तर, घरको फोटो खिच्नुपर्ने, घरपरिवारको पूरा विवरण दिनुपर्ने, फारम भर्न लामो समय लाग्ने, त्यसमाथि भूकम्प पीडित पहिचानको कुरा भएको हुनाले गाउँमा मान्छे झुम्मिने कुरा त सामान्य भयो । सरकारको भूकम्प पीडित पहिचान कार्यक्रम तेस्रो पटक पनि विवादरहित हुन सकेन ।

यसरी सरकारले भूकम्प पीडित पहिचान गर्न तीन पटक तथ्यांक संकलन गऱ्यो । भूकम्प पीडित पहिचान गरे पनि गाउँको जटिलतामा भिज्न नसक्ने प्राविधिक स्थानीयको एकमना विचारमा होमा हो थप्न बाध्य भए । तेस्रो पटकको सरकारको तथ्यांक संकलनपछि पनि गुनासो भए राख्न पाउने प्रावधानले अझै केही छुटेका घरपरिवार थपिएर अहिले ८०३ भन्दा बढी भएको छ । यसले राज्यले विगतमा गरेको तथ्यांक संकलनप्रति स्वतः प्रश्न उब्जाएको छ ।

## राज्य, पुनर्निर्माण र व्यवस्थापन

यो खण्डमा भूकम्प पश्चात् प्रभावितलाई लक्षित गरेर राज्यले ल्याएका विभिन्न ऐन, नीति, नियम, निर्देशिका, इत्यादिको भुईँ तहमा अभ्यास कस्तो रह्यो भन्ने विश्लेषण हुनेछ । राहत वितरण कार्यक्रम अघि बढ्न थालेपछि राहत वितरणमा हुन सक्ने "डुप्लिकेशन" लाई रोक्न भनेर सरकारले एकद्वार प्रणाली लागू गऱ्यो । यसले कुनै ठाउँमा राहत सामग्री या पुनर्निर्माणको काम गर्न चाहे सरकारको संयन्त्रबाट अघि बढ्नु पर्ने भयो । सरकारले प्रधानमन्त्री राहत कोष खडा गऱ्यो । जिल्ला तहमा राहत वितरण गर्न चाहे जिल्ला दैवी प्रकोप तथा उद्धार समिति मार्फत गर्नुपर्ने भयो । यदि कसैले जिल्लामा आफ्नो इच्छा अनुसार गरे चिठीपत्र र

[२१] निजी आवास पुनर्निर्माण अनुदान सम्झौताका लागि छनोट भएको लाभग्राही सूची अनुसार ।

सिफारिसमा झमेला हुन्थ्यो । सरकारले एकद्वार नीति लागू गरे पनि भुइँ तहमा कार्यान्वयन हुँदा विवादरहित भने हुन सकेन । यसबारे हाकुका एक जना स्थानीयको अनुभव यस्तो छ :

> हाम्रो स्कूलको लागि केही सामान दाताले सहयोग गर्ने भयो । गाउँको स्कूललाई खासै सहयोग आएको थिएन । मैले पहिला जिल्लामा कुरा राखेँ । एकद्वारको नाममा मेरै गाउँमा जान्छ भन्ने छैन । त्यसैले मैले पहिला जिल्लामा खबर गर्नुभन्दा अघि नै स्कूलको सामान गाउँ नजिक पुऱ्याएँ । अनि मात्र जिल्लामा खबर गरेँ । गाउँ नजिक लगिसकेको सामान फर्काउन गाह्रो थियो । तर, जिल्लामा पछि सिफारिस लिँदा किचकिच गरे ।[२२]

उनको विचारमा पहुँच भएकाले एकद्वार प्रणालीमा हालीमुहाली गर्छन् र जहाँ जतिसुकै समान वितरणको कुरा गरे पनि तलमाथि भइहाल्छ । उनको अनुभवमा एकद्वार प्रणाली राज्यको आडमा कसैलाई स्थापित र कसैलाई विस्थापित गर्ने प्रणाली रहेछ ।

त्यसै गरी, भूकम्प जाँदा स्थानीय निकायको चुनाव नभएको लामो समय भएकाले गाविस तहमा राज्यका प्रतिनिधिका रूपमा गाउँमा गाविसका कर्मचारी थिए । गाउँ तहको निकाय, स्वास्थ्य चौकीका कर्मचारी, विद्यालयका शिक्षक, र स्थानीय स्वयंसेवक नभएका होइनन् । तथापि, नागरिकको राज्य सँगको गुनासो सुनुवाइ र दैनिक काम-कारवाहीको केन्द्र गाविस कार्यालय थियो । राज्यले आफ्नो कार्यक्रम नागरिकको घरदैलोमा पुऱ्याउने र नागरिकको अवस्था बुझ्ने माध्यम गाविस नै थियो । द्वन्द्व कालमा माओवादी पक्षले गाविस भवन क्षति पुऱ्याएको निहुँमा गाविसको काम-कारवाही धुन्चे सरेको थियो । त्यसैले, भूकम्प प्रभावित हाकुलीले राज्यले विभिन्न चरणका राहत (सात हजार, १५ हजार र १० हजार) र सेवा जिल्ला सदरमुकाम (धुन्चे) बाट लिएका थिए । गाविसका कर्मचारी आफ्नो र गाविसको अत्यावश्यक काम परे मात्रै गाउँमा पुग्थे । जसले गर्दा घण्टौँ लगाएर राहत र सेवा लिन सदरमुकाम आउँदा धेरै गाउँलेका केही रकम त सदरमुकाममै खर्च हुन्थ्यो । नागरिकको घरदैलोमा राज्य नपुग्दा हुने सास्तीको एउटा झलक मात्रै हो यो ।

राज्यले भने भूकम्प पीडितको खोज, उद्धार, राहत र पुनर्निर्माणका सबै चरणका काममा गाविसका कर्मचारीको अनिवार्य उपस्थिति हुनुपर्ने भनेर बाध्यता जस्तै गराएको थियो । भूकम्पका बखत सबै गाविसमा कर्मचारीको पदपूर्ति भएको थिएन । एक सचिवलाई एकभन्दा बढी गाविसको जिम्मेवारी थियो । गाविस सचिवलाई कार्यभार अनुसार सेवासुविधा भने थप हुन सकेको थिएन । यसैलाई मध्यनजर गर्दै कार्यबोझको मुद्दा उठाएर भूकम्प प्रभावित जिल्लाका गाविस सचिवले आन्दोलन गरे । गाविस सचिव हकहित केन्द्र, जिल्ला कार्य समिति, रसुवाद्वारा अप्रिल ३, २०१६ मा ऐक्यबद्धता जाहेर गरिदिन आग्रह गरे पछि नेपाल

[२२] हाकुका एक स्थानीयसँग जनवरी १, २०१६ मा गरिएको कुराकानी ।

निजामती कर्मचारी युनियन (संघ), रसुवाले जारी गरेको विज्ञप्तिमा उक्त आन्दोलनको मागबारे यसो भनिएको छ :

> ...एक गाविस एक सचिव व्यवस्थापन हुनुपर्ने, पुनर्निर्माण प्राधिकरण गठन भई कार्य प्रारम्भ गरिसकेको अवस्थामा पुनर्निर्माण सम्बन्धी कार्य अत्यधिक कार्यबोझका कारण कार्यान्वयन गर्न असहज हुने हुँदा पुनर्निर्माण सम्बन्धी कार्य गर्न छुट्टै कर्मचारी प्राधिकरणबाट व्यवस्थापन गर्नुपर्ने, गाविस अध्यक्षको समेत थप जिम्मेवारी सम्हालेको कारण मन्त्रालयबाट गठित कार्यदलले पेश गरेको प्रतिवेदन बमोजिम थप प्रोत्साहन भत्ता उपलब्ध गराउनुपर्ने माग थियो ।[२३]

पछि यो आन्दोलन फिल्डमा खटिँदा थप प्रोत्साहन भत्ता पाउने सम्झौतामा टुंगिएको थियो । तर, यही आन्दोलनको प्रभावले पनि करिब एक हप्ता पुनर्निर्माणको काममा ढिलाइ भयो ।

त्यसै गरी, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण बनाउने निर्णयसँगै शहरी विकास तथा भवन निर्माण विभागले भूकम्प पछिको पुनर्निर्माणका लागि भूकम्प निरोधक भनिएका १७ किसिमका घरको नक्सा अक्टोबर २०१५ मा सिफारिस गऱ्यो । यी नक्सा भूकम्पीय जोखिमका दृष्टिले उपयुक्त भूकम्प प्रतिरोधी भनेर दाबी गरिएको छ (शहरी विकास तथा भवन निर्माण विभाग २०७२) । तर यो डिजाइन विभिन्न जाति, आदिवासी, संस्कृति र भूगोल सुहाउँदो छैन । यो डिजाइनमा आदिवासी वा स्थानीय जातिको वास्तु, निर्माण शैली, परम्परा, सौन्दर्यबोध र भौगोलिक विविधता झल्किँदैन । यो काठमाडौँमा तयार पारिएको थियो, र यो बनाउँदा भूकम्प प्रभावित क्षेत्रका बासिन्दासँग सल्लाह र छलफल गरिएन (तामाङ २०७३) । यो शैलीभन्दा रसुवाको हाकु, गलाङ, र लाङटाङको तामाङ जातिको घर निर्माण शैली फरक छ । हाकुमा एकै घरको तल्लो तलामा वस्तुभाउ राख्ने र माथिल्लो तलामा मानिस बस्ने गर्छन्, जसले बर्खामा जुका, सर्प, भ्यागुता र जाडोमा चिसो छल्न मद्दत गर्छ । हाकुका गाउँमा भूकम्प अघिका घर प्राय: काठ र ढुंगाबाट बनेका थिए/छन् । सरकारले निर्धारण गरेको शैलीले भने सिमेन्टको आवश्यकतालाई मुखर बनाउँछ र बढी खर्चिलो छ । यसले गाउँमा सिमेन्टको प्रयोग तीव्र बनाएर स्थानीय वस्तु र परम्परागत सीपलाई विस्थापित गराउन भूमिका खेलेको छ । भूकम्प गएको एक वर्षभित्र हाकुभरि कम्तीमा पनि सय घरको जग भूकम्प अघिकै शैलीमा बनाइसकेको वा बनाउने क्रममा थियो । सरकारले ल्याएको घरको मापदण्ड विपरीत हुने ठानेर कतिले बीचमै काम रोके ।

[२३] नेपाल निजामती कर्मचारी युनियन (संघ), रसुवाले अप्रिल ४, २०१६ मा निकालेको विज्ञप्ति ।

घर बनाइरहेकाले सरकारको मापदण्डमा ढाल्ने प्रयत्न गरे । केही स्थानीयले पहिलाकै अनुसार घर बनाए, र पुनर्निर्माणमा आएको अनुदानको लागि फेरि छुट्टै घर बनाए ।

जिल्लाका विभिन्न संरचनामा त्यहाँको स्थानीय जनता र संघ-संस्थाको बारेमा पर्याप्त जानकारी नहुनु राज्य पक्षको अर्को कमजोरी हो । जिल्लामा को, कसरी र के काम गरिरहेका छन् भन्ने बारेको व्यवस्थित सूचना जिल्ला संयन्त्रसँग थिएन । यस मामिलामा जिल्ला संरचनामा तथ्यांक कति कमजोर थियो भन्ने कुरा एक सरकारी कर्मचारीले मेरो स्थलगत कार्यको क्रममा मसँग सोधेको भनाइले थप पुष्टि गर्छ, "रसुवामा कसले कति खर्च गरेका छन् भन्ने जानकारी वा हिसाबकिताब तपाईंसँग छ वा पाउनु भए जिल्ला विकास समितिलाई उपलब्ध गराउनु होला ।"[२४]

रसुवाको जिल्ला दैवी प्रकोप उद्धार समितिसँग भएका भूकम्प पछिका विभिन्न खाले तथ्यांक अपूरो थियो । जिल्लामा यो समितिलाई व्यवस्थित गर्न जर्मन सहयोग नियोग (जीआईजेड) ले एक जना कर्मचारी राखिदिएको थियो । तथापि, यो समितिले विभिन्न सरोकारवालासँग तथ्यांक र सूचना संकलन गरे पनि प्रशोधन गरेर व्यवस्थित गर्न सकिरहेको थिएन । यो समितिले आफूसँग भएको सूचना दिन पनि आनाकानी गर्थ्यो । अध्ययनको क्रममा जिल्ला तहको एउटा शाखामा भूकम्पमा परेर मरेका महिला र बालबालिकाको सूचना मागेको थिएँ । संवेदनशील हुने भन्दै सो सूचना मलाई दिइएन । तर, उक्त सूचना पहिला नै केन्द्रले वेबसाइटमा प्रकाशित गरिसकेको रहेछ । यसले भूकम्प पछिको पुनर्निर्माणमा सूचना "होल्ड" गर्ने, सार्वजनिक प्रयोगको लागि नदिने र राज्यको अर्को संयन्त्रले सार्वजनिक गरिसकेको कुरा पनि थाहा नपाउने राज्यको चित्र देखाउँछ ।

## हाकुको विशिष्ट परिस्थिति र त्यसले ल्याएको जटिलता

### *गुठी जग्गा*

साविक हाकु गाविस वडा नं. २, ३, ४, ५, ६ र ७ का प्राय: लाभग्राहीको घर र जग्गा काठमाडौँको स्वयम्भू पुरानो घ्याङ गुठीको नाममा छ । एक स्थानीयका अनुसार २०३५ सालमा सरकारले हाकुका वडा नं. १, ८ र ९ को जग्गा व्यक्तिको नाममा नापी गरेको थियो । त्यही बेला यी छ ओटा वडामा पनि जग्गा नापीका लागि अमिन पुग्दा हाकुलीले गुठीको नाममा रहेको शेरो जग्गा नाप्न स्वयम्भू पुरानो घ्याङ गुठीको लामाहरू (गुठियार) लाई पनि बोलाएको थियो । तर, त्यही बेला गुठीका लामाहरू र हाकुका मुखियाले व्यक्तिको नाममा जग्गा नाप्न दिएनन् । स्थानीयका अनुसार जनताले उपभोग गरिरहेको

[२४] जिल्ला विकास समिति, रसुवाका एक कर्मचारीसँग मार्च १४, २०१६ मा गरिएको कुराकानी ।

जग्गा व्यक्तिको नाममा दर्ता हुँदा कुनै दिन कर तिर्न नसक्दा सरकारको हुने भयले मुखियाले नाप्न दिएनन् । स्वयम्भू पुरानो घ्याङ गुठीलाई वर्षमा एक पटक सामान्य कुत स्वरूप प्रत्येक वर्ष अन्नबाली, केराको घरी, सिस्नु, फूल, दहीको ठेकी, मासु दिँदा पुगिरहेको छ, किन व्यक्तिको नाममा गर्ने भन्ने मुखियाको कुरा थियो । त्यसैले बाँकी छ ओटा वडाको जग्गा गुठीकै नाममा रह्यो ।[२५]

भूकम्पअघि हाकुको जग्गालाई रैकर बनाउने केही प्रयास भएका थिए । पहिलो प्रयास २०५० को दशकमा भएको थियो । प्रत्येक मोहीले पाँच सय रुपैयाँ मालपोत कार्यालयमा बुझाएमा मोहियानी पुर्जा पाउने बताइएको थियो । तर स्थानीय नेताले भोलि सित्तैमा पाउन सक्ने जग्गा अहिले पाँच सय रुपैयाँ बुझाएर लिन जरुरी नभएको र आफ्नो जग्गा कतै नजाने तर्क दिएकाले हाकुलीले प्रक्रिया अगाडि बढाएनन् ।[२६] दोस्रो, २०५२ सालपछि माओवादी द्वन्द्व अवधिभर कसैले पनि पुरानो सत्तालाई कर तिर्न नपर्ने भनेपछि प्राय: हाकुलीले गुठीलाई कर तिरेनन् । माओवादी शान्ति प्रक्रियामा आएको एक दशक पुगिसक्यो र स्थानीयले अब कर तिर्दा लाखौँ पुग्न सक्थ्यो । तर अहिले सरकारको नयाँ कार्यविधि अनुसार पाँच हजार रुपैयाँमा नयाँ मोही पुर्जा बनिरहेको छ । तेस्रो, यो बीचमा यो गुठीको नाममा दर्ता रहेको जग्गाको लालपुर्जा दिलाइदिन्छु भनेर काठमाडौँको स्वयम्भूका नीरबहादुर लामा र उनका छोरा प्रवीण लामाले स्थानीयबाट करिब एक करोड ५५ लाख रुपैयाँ उठाए । स्थानीयले पैसा बुझाएपछि बाबु-छोरा नै हराए । हाकुका १६ परिवारको पैसा फँसेपछि गाउँलेले प्रहरीमा जाहेरी दिए । जाहेरी लगत्तै प्रहरीले बाबु र छोरालाई पक्राउ गरी अनुसन्धान थाल्यो । यही कारण ठगी मुद्दामा नीरबहादुर लामा रसुवा कारागारमा छन् (पौडेल २०७१) ।

भूकम्पअघि गुठी जग्गा र स्थानीय बीचमा भएको तनाव भूकम्पपछि सरकारले भूकम्प प्रभावित लाभग्राहीलाई “ओनर ड्रिभन फ्रेमवर्क” मा समेट्ने भएपछि फेरि सतहमा आयो । एम्नेष्टी इन्टरनेशनल (सन् २०१७) को *बिल्डिङ इनइक्वालिटी* प्रतिवेदन अनुसार ओनर ड्रिभन आवास पुनर्निर्माण कार्यक्रम अन्तर्गत लाभग्राहीको निजी आवास पुनर्निर्माणको लागि व्यक्तिको जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) महत्त्वपूर्ण हुन्छ । यसै प्रतिवेदन अनुसार यो शर्त नेपाल जस्तो ऐतिहासिक रूपमा सामन्ती भूस्वामित्व प्रणाली र स्थानीय अनौपचारिक भू-सम्बन्ध भएको व्यवस्थामा लागू हुन गाह्रो छ, जसको कारण यो आवास कार्यक्रमबाट सबैभन्दा सीमान्तमा रहेको समुदाय, भूमिहीन बहिष्करणमा पर्छन् । हाकुको हकमा पनि यो लागू भयो ।

सरकारले भूकम्प प्रभावित आवास पुनर्निर्माण लगत संकलन कार्यक्रम लगत्तै लाभग्राहीसँग निजी आवास पुनर्निर्माण सम्झौता शुरू गर्‍यो । मार्च १३, २०१६ मा

[२५] हाकुका स्थानीयसँग अनुसन्धानको क्रममा फरक-फरक मितिमा गरिएको कुराकानी ।

[२६] हाकुका एक स्थानीयसँग जनवरी ३, २०१६ मा गरिएको कुराकानी ।

दोलखाको सिंगटीबाट प्राधिकरणका कार्यकारी प्रमुख सुशील ज्ञवालीले दोलखा साविक लादुक-८ का जगतबहादुर खत्रीलाई अनुदान सम्झौतापत्र हस्तान्तरण गरेर यो काम शुरू भयो (मानन्धर २०७२) । यसको लागि नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपुर्जा र सर्वेक्षणको समयमा दिइएको निस्सालाई अनिवार्य गरेको थियो । राज्यले निजी आवासका लागि ल्याएको कार्यविधिले शुरूमा गुठी जग्गामा बस्दै आएका बासिन्दाबारे केही बोलेन । भूकम्प प्रभावित जिल्लाका केही गाविसका लाभग्राहीसँग प्रारम्भमा गरिएको अनुदान सम्झौताका दौरानमा आएका गुनासा र अस्पष्टतालाई *भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण अनुदान सहायता जानकारी पुस्तिका* मार्च २०१६ मा प्रकाशित गरेर त्यस मार्फत निराकरण गर्न खोज्यो (राष्ट्रिय पुनर्निर्माण प्राधिकरण २०७२क) । यसमा पनि प्रस्टसँग लाभग्राहीसँग जग्गाधनी पुर्जा हुनुपर्ने उल्लेख गरिएको थियो । यसैमा गुठी जग्गाका लागि छुट्टै कार्यविधि बनिरहेको र उक्त कार्यविधि आएपछि सोही अनुसार हुने र हाललाई गुनासोको रूपमा दर्ता गर्न सकिने प्रावधान अघि सारियो । हाकुलीको जग्गा गुठीका नाममा भएकोले जग्गाधनी पुर्जा हुने कुरै भएन । त्यसैले राज्यले ल्याएको पुनर्निर्माण अनुदान सहायता हाकुलीले पाउन सकेनन् । गुठी जग्गाको समस्यालाई सम्बोधन नगरिएकोले नयाँ जानकारी पुस्तिकाले पनि हाकुलीको समस्या समाधान गर्न सकेन ।

त्यसको केही समयपछि, जनवरी ८, २०१७ मा "भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि" मन्त्रिपरिषद्ले पास गर्‍यो । यो कार्यविधिले गुठी जग्गामा बसिरहेका लाभग्राहीबारे निम्न प्रावधान ल्यायो (हेर्नुहोस्, तालिका १) ।

**तालिका १ : अस्पष्टताको प्रकृति र समाधानको उपाय**

| अस्पष्टताको प्रकृति | समाधानको उपाय | समाधानको उपाय |
|---|---|---|
| लाभग्राहीको सूचीमा नाम भएको तर गुठीको रूपमा दर्ता भएको जग्गा स्वप्रयोजनको लागि प्रयोग गर्न चाहेको । | गुठीकै रूपमा जग्गा दर्ता रहेको अवस्थामा गुठी संस्थानको सिफारिसको वा स्थानीय तहको सिफारिस र मुचुल्काको आधारमा हुने । | नागरिकताको प्रमाणपत्र, सर्वेक्षणको निस्सा, स्थानीय तहको सिफारिस र मुचुल्का । |

गुठीकै जग्गा दर्ता रहेको अवस्थामा गुठी संस्थानको सिफारिस वा स्थानीय तहको सिफारिस र मुचुल्काका आधारमा पनि लाभग्राहीसँग सम्झौता हुन सक्ने भयो । सरकारले लाभग्राहीसँग सम्झौता शुरू गरेको करिब १० महिनापछि मात्र गुठीको रूपमा दर्ता भएका जग्गामा बसिरहेका लाभग्राहीसँग सम्झौता भयो । हाकुमा यस्तो किसिमका लाभग्राहीसँग सम्झौता गर्दा भूकम्प गएको झण्डै दुई वर्ष पुग्नै लागेको थियो । यसरी प्रभावित छ ओटा वडाका बासिन्दाको निजी आवास पुनर्निमाण सम्झौता आफ्नै लालपुर्जा हुनेहरूभन्दा करिब

१० महिना पछिमात्र हुन सक्यो । राज्यको ओनर ड्रिभन फ्रेमवर्कले गर्दा जग्गाधनी पुर्जाका लागि वर्षौंदेखि संघर्ष गरिरहेका परिवारलाई भूकम्प पीडित लाभग्राही सूचीमा पर्न थप संघर्ष गर्नु पऱ्यो । राज्यको यस्तो नीतिले पीडितहरू झन् पीडित बनाउन सहयोग गऱ्यो ।

## *विस्थापित बस्ती*

भूकम्पपछि हाकुभित्र भूकम्प पीडितबीच विविधता पाइन्छ । भूकम्प लगत्तै हाकुका आठ ओटा वडा (वडा नं. १ बाहेक) वरिपरि सुक्खा पहिरो गयो । यी आठै वडाका मान्छे सुक्खा पहिरो कारण विस्थापित भएर रसुवाकै धुन्चे, कालिकास्थान, र बेत्रावती वरिपरि अस्थायी शिविरमा बसे । भूकम्प प्रभावितको हिसाबले हेर्ने हो भने हाकुलाई मोटामोटी तीन तरिकाले बुझ्न सकिन्छ (हेर्नुहोस्, तालिका २) । यसरी, हाकुसहित डाँडागाउँ, ठुलोगाउँ, भोर्लेका सयौँ घरधुरीलाई सरकारको भौगर्भिक अध्ययन प्रतिवेदनको आधारमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले जोखिमयुक्त बस्ती निर्धारण गऱ्यो । यी गाउँहरू संसदीय टोलीको स्थलगत भ्रमणपछि पनि जोखिमयुक्त बस्तीको रूपमा ठहरिए (गुरुङ र अरू २०७२) । यसलाई सम्बोधन गर्न सरकारले अप्रिल २०१७ मा जोखिमयुक्त बस्ती स्थानान्तरण तथा पुनर्स्थापना सम्बन्धी कार्यविधि ल्यायो । यसले जोखिमयुक्त बस्तीमा बसेका लाभग्राहीलाई मूलतः एउटा प्याकेज दियो । यो कार्यविधिको दफा ३ को उपदफा ४ अनुसार जोखिमयुक्त बस्तीमा बसेका लाभग्राही यकिन भएर सो बस्तीका लाभग्राहीले आफ्नो इच्छा अनुसार सम्बन्धित जिल्ला वा भूकम्प प्रभावित जिल्लामध्ये नजिकको जिल्लामा बसाइँसराइ गर्न सक्छन् । त्यसका लागि जग्गाको प्रबन्ध लाभग्राही आफैले गर्नुपर्छ । कार्यविधिको दफा ४ अनुसार जोखिमयुक्त बस्ती स्थानान्तरणमा एकीकृत बस्ती निर्माणमा प्रोत्साहन गर्नका लागि कम्तीमा १० ओटा लाभग्राही परिवारले उपभोक्ता समिति गठन गरेर सुरक्षित स्थानमा बस्ती निर्माण गर्न जग्गा खोज्नुपर्छ । यही कार्यविधिले एकीकृत बस्तीमा जीविकोपार्जन सम्बन्धी कार्यक्रम सञ्चालन गरिने बतायो (राष्ट्रिय पुनर्निर्माण प्राधिकरण २०७३क) । यसका लागि सरकारले प्रत्येक घर परिवारलाई जग्गा किन्न दुई लाख रुपैयाँ दिने प्रावधान ल्यायो (राष्ट्रिय पुनर्निर्माण प्राधिकरण २०७३ख) ।

यस कार्यविधिले लाभग्राहीलाई जग्गा छान्ने स्वतन्त्रता त दियो, तर हाकु जस्तो गाउँको सन्दर्भमा जोखिमयुक्त बस्ती स्थानान्तरण तथा पुनर्स्थापनामा राज्यले जुन तदारुकता देखाउनु पर्ने थियो, सो नभई राज्य दुई लाख रुपैयाँ दिएर पन्छियो । हाकुको हकमा जोखिमयुक्त बस्तीमा विस्थापित संख्या बढी भएकाले पुनर्स्थापित गर्दा ठुलो मात्रामा जग्गा आवश्यक पर्छ । मेरो स्थलगत कार्यको क्रममा पहिला त सरकारी प्रतिनिधिले हाकुका विस्थापित परिवारलाई यो कार्यविधि बन्नुअघि सरकारले जग्गा खोज्दैछ, नआत्तिनुस्, धैर्य गर्नुस् भनेर आश्वासन दिइराख्थ्यो । तर, पछि आएर सरकारले कार्यविधि मार्फत आफूलाई चाहिने उपयुक्त जग्गा

खोज्ने जिम्मा लाभग्राहीलाई नै छोडिदियो । यसरी सरकारले जग्गा खोज्ने काममा निरीहता प्रस्तुत गऱ्यो । आज वर्षौं कुरेर तिरू तिरका कति लाभग्राही त गाउँ नै फर्कन थालेका छन् । यसमा बेत्रावती शिविरमा बस्ने एक स्थानीयले आफ्नो अप्ठ्यारो यसरी पोखे :

**तालिका २ : हाकुमा भूकम्प प्रभावितको प्रकार**

| क्र.सं. | भूकम्प प्रभावितको प्रकार | विवरण |
|---|---|---|
| १. | भूकम्प प्रभावित, विस्थापित नभएको | साविक हाकुमा नेसिङ (वडा नं. १) मात्र विस्थापित नभएको गाउँ हो । यो गाउँमा घर मात्र भत्केको थियो । |
| २. | विस्थापित भए पनि गाउँ फर्कन मिल्ने | हाकु गाविसको हाकुबेसी र ठुलो हाकु (साविक वडा ३ देखि ७ सम्म) का प्रायः गाउँले भूकम्पपछि रसुवाको सदरमुकाम धुन्चेमा विस्थापित भए । भूकम्पपछि गाउँ नजिकै सुक्खा पहिरो गयो, डाँडाहरू चिरा परे, र सरकारले जोखिमयुक्त बस्ती भनेर घोषणा गऱ्यो ।* गाउँलेले एक हप्ता भित्रै धुन्चेमा चार ओटा विस्थापित क्याम्प खडा गरे । सरकारले गाउँलाई जोखिमयुक्त बस्ती घोषणा गरे पनि कम्तिमा ५० घरपरिवार गाउँमा नै बसे । जसलाई बस्तुभाउको माया थियो, जसका घरमा धेरै केटाकेटी र बुढाबुढी थिए, जो गाउँ फर्कनु पर्छ, किन जाने भन्थे र धुन्चे गएर पनि बसाइ अप्ठ्यारो हुन्छ भनेर आकलन गर्थे, उनीहरू गाउँमा नै बसे । |
| ३. | बस्ती स्थानान्तरण गर्नुपर्ने र वरिपरि बस्न मिल्ने | हाकुको सानो हाकु (वडा नं. २), तिरू (वडा नं. ८) र गोगने र मैलुङ (वडा नं. ९) का प्राय: सबै घरपरिवार भूकम्प पछिको सुक्खा पहिरोले पूर्ण रूपमा विस्थापित भए । गाउँ मानवविहीन भयो । तिरू, गोगने र मैलुङबाट विस्थापित परिवार बेत्रावती नजिक सातबिसे, नौबिसे, बोहोराटार, कालिकास्थानको गोम्बोडाँडा र धुन्चे वरिपरि क्याम्प बनाएर बसे । अहिले हाकु लगायत रसुवाकै विभिन्न ठाउँबाट विस्थापितका लागि रसुवाको तल्लो पहिरेबेसी, तिरू र बोगटीटार तथा नुवाकोटको खोलेबेसी र शान्तिबजारमा एकीकृत बस्ती कतै बसिसकेको कतै बस्ने क्रममा छ । सानो हाकुको लागि हाकुकै पाङलिङमा एकीकृत बस्ती बन्ने क्रममा छ । |

** पहिला जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णयबाट र पछि भौगर्भिक टोली प्रतिवेदन अनुसार ।*

> हाम्रो गाउँ (गोगने) मा जहाँ ठुलो मात्रामा सुक्खा पहिरो गयो, त्यहाँ फर्कन सक्ने स्थिति छैन । सरकारले उपलब्ध गराएको दुई लाखले सरकारी मापदण्डको चार आना जग्गा त जसोतसो किनिएला । त्यस पछिको जीविकोपार्जनको पाटो भने कसरी गर्ने अन्योल नै छ । कतिले तिरू तिर एकीकृत बस्तीमा बस्न जाउँ भन्छन् । बस्तीमा घर मात्र भएर

पनि भएन, खेतीपाती गर्न घण्टौँ हिँडेर बेसी झर्नुपर्छ । बरु यही खाल्टेमा एकीकृत बस्ती बनाउन पाए त्यहाँभन्दा सजिलो हुन्थ्यो ।[२७]

हाकुली बसिरहेको बेत्रावती नजिक खाल्टे क्याम्प त्रिशूली खोला किनारामा पर्छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका तत्कालीन कार्यकारी प्रमुख गोविन्दराज पोखरेलले हाकुलीले पुनर्वासको लागि प्रस्ताव गरिएको ठाउँ खाल्टेको समेत भ्रमण गरे । यस साथै, पुनर्वासको प्रक्रिया अघि बढेको उद्घोष गरे । यो अभियानलाई एग्रिकल्चर एड एशोसिएशन, कादुरी संस्था बस्ती पुनर्वासको लागि सहकार्य, र पुनर्निर्माण सद्भावना दूत सीताराम कट्टेल धुर्मुसले रसुवाको भूकम्प पीडित र विस्थापितहरूको पुनर्निर्माण प्रक्रियामा सहयोग वाचा गरे (लाङटाङ न्यूज २०७३) । तर, प्राविधिकको टोलीले उक्त ठाउँ एकीकृत बस्तीका लागि जोखिमपूर्ण भएको ठम्यायो । त्यसपछि खाल्टेमा एकीकृत बस्ती निर्माणको योजना रद्द भयो । सरकारको जिम्मेवार निकायको प्रतिनिधिले सबै यथार्थ नबुझी दिएको जथाभावी आश्वासनले सरकारको काम-कारवाहीमाथि भुईँतहमा अन्योल छायो । स्थानीयले आफूमाथि राजनीति भएको ठाने ।

सरकारले जग्गा किन्न दिने भनेको रकम अपुग त छँदैछ, दुई लाख रुपैयाँको जग्गामा घर बने पनि त्यसमाथि जीविकोपार्जनको समस्या भने जटिलै छ । विस्थापितको संख्या ठुलो भएकोले हिजो एकै ठाउँमा बस्ने र ऐँचो-पैँचो गरेर काम चलाउनेहरू जग्गा अभावले गर्दा छुट्टिएर बस्नुपर्ने बाध्यता छ । यसबाट परिवार र छिमेकीको सामाजिक दुरीले पार्ने असर आफ्नै ठाउँमा छ । पर्याप्त जग्गा अभावबीच जसोतसो सबै घरधुरीको लागि एकीकृत बस्तीको बनाउने योजना उद्घोष गरे पनि राजनीतिक खिचातानी, “ब्युरोक्रेटिक” प्रक्रियाको मार र कोरोना महामारीले गर्दा एकीकृत बस्तीहरू कहिले बनिसक्ने निधो भइसकेको छैन । केही परिवार बाध्यताले गर्दा पुरानै बस्तीमा फर्किन बाध्य छन् । रसुवाको खाल्टे शिविरको सयौँ परिवार एकीकृत बस्ती बनेर सर्ने दिन कुर्दैछन् । पहिला जग्गा अभावलाई केही जग्गा लाङटाङ राष्ट्रिय निकुञ्ज अन्तर्गतको जग्गामा व्यवस्थापन गर्न सकिन्थ्यो । तर, निकुञ्जको जग्गामा बस्ती बसाउन निकुञ्जको नीति अथवा भूकम्प प्रभावित व्यक्तिको *पुनर्वास तथा स्थानान्तरणको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७३* को दफा ८ ले नदिने हुँदा त्यसमा जग्गा पाउन कठिनाइ छ (राष्ट्रिय पुनर्निर्माण प्राधिकरण २०७३ख) । हाकुलाई समयमा पुनर्स्थापना हुन निकुञ्जको नीतिले पनि केही हदसम्म असर गर्‍यो ।

[२७] रसुवाको खाल्टे शिविरका एक स्थानीयसँग मार्च २७, २०१८ मा गरिएको कुराकानी ।

## *माथिल्लो त्रिशूली -१ जलविद्युत परियोजना (२१६ मेगावाट)*[२८]

रसुवाको जिल्ला दैवी प्रकोप उद्धार समितिले राहत र पुनर्निर्माणको काम गर्न विभिन्न (अन्तर)राष्ट्रिय गैससलाई साविक १८ ओटा गाविस भागबण्डा लगाएको थियो । राहत कार्यक्रममा हाकुमा माथिल्लो त्रिशूली-१ जलविद्युत परियोजना (२१६ मेगावाट) ले काम गरेको हुँदा यही परियोजनालाई हाकुको जिम्मा दिइयो । माथिल्लो त्रिशूली-१ जलविद्युत परियोजना र हाकुका स्थानीयबीच भूकम्प अघिदेखि नै असमझदारी थियो । भूकम्पअघि जलविद्युत परियोजनाको लागि जग्गा अधिग्रहण गर्दा र पहुँच सडक खन्दा हाकुली बढी प्रभावित भयो ।[२९] त्यसमाथि, जलविद्युत परियोजनाले पहुँच सडक खनेको वरिपरि ठुलो मात्रामा सुक्खा पहिरो गयो । मैले कुराकानी गरेका भूकम्प प्रभावितले मैलुङ, गोगने, तिरूको स्थानीय समुदाय पूर्ण विस्थापित हुनुको कारण जलविद्युत आयोजनाले सडक खन्दा बम विस्फोट गरेकोले सुक्खा पहिरो गएको हुन सक्ने आकलन गरेका थिए । जलविद्युत आयोजनामा काम गर्ने कर्मचारीले भने यसलाई ठाडै नकार्छन् (घले र घले सन् २०१७) । यही कारणले जलविद्युत परियोजनाले हाकुमा राहत र पुनर्निर्माणमा सहयोग गर्नुपर्ने स्थानीयको जिकिर थियो । परियोजनाले पनि जलविद्युत प्रभावित क्षेत्र हाकु, राम्चे र धुन्चेमा चार करोडको राहत र पुनर्निर्माणको प्याकेज घोषणा गऱ्यो ।

यो रकमबारे भने जलविद्युत परियोजना र हाकुली बीचमा भिन्न बुझाइ रह्यो । भूकम्प गए लगत्तै जलविद्युत परियोजनासँग राहत र पुनर्निर्माणबारे बसेको बैठकमा चार करोड रुपैयाँ हाकुकै पुनर्निर्माणका लागि आएको परियोजनाको कर्मचारीको मुखबाट सुनेको कुरा बैठकमा सहभागी स्थानीयहरू बारम्बार दोहोऱ्याउँछन् ।[३०] तर, परियोजनाका कर्मचारी भने त्यो राहत र पुनर्निर्माण कार्यक्रम हाकुलाई मात्र नभएको जिकिर गर्छन् । साथै, पूरै हाकुको जिम्मा जलविद्युत परियोजनाले नलिएको पनि बताउँछन् । त्यससँगै राहतको विस्तृत विवरण माग्ने क्रममा हाकुली र परियोजना कर्मचारीबीच तनाव सिर्जना भयो । हाकुलीले जति बेला विभिन्न शीर्षकमा छुट्ट्याइएको राहतको शीर्षक सहितको कागजपत्र देखे, उनीहरूले ती शीर्षक अनुसारको राहत पाए-नपाएको रुजु गर्न लागे । राहत लिनेले पनि कागजपत्रमा लेखे अनुसार सामान नपाएपछि पैसा गोलमाल भएको निष्कर्ष निकाले । हाकुमा राहत स्वरूप ७५१ घरधुरीमा प्रत्येक घरधुरीलाई दुई बोरा चामल, नुन, तेल, दुई

[२८] रसुवाको हाकु, धुन्चे र राम्चेमा माथिल्लो त्रिशूली-१ जलविद्युत परियोजना (२१६ मेगावाट) बन्दैछ । यो परियोजना रसुवाली माझ "२१६" नामले परिचित छ ।

[२९] यो आयोजनाले राम्चे, धुन्चे र हाकुलाई प्रभावित गर्दछ । आयोजनाको कोलोनी हाकुबेसीमा र यहीँबाट टनेल शुरू भएर हाकुकै गोगने हुदै मैलुङमा पावरहाउस हुनेछ । त्यसैले पनि तुलनात्मक हिसाबले तीन गाविस मध्ये हाकु प्रत्यक्ष रूपमा आयोजनाले बढी प्रभावित गर्ने गाविस हो ।

[३०] अनुसन्धानको समयमा फरक-फरक मितिमा थुप्रै स्थानीयसँग गरिएको कुराकानी ।

बण्डल जस्तापाता र केही शिविरलाई पाइप, आदि वितरण गरिएको थियो ।[३१] स्थानीय व्यक्तिबीच पनि परियोजनाको कामलाई हेर्ने कुरामा भिन्न मत थियो । पुनर्निर्माणमा क्रममा परियोजनाले हाकुमा हेल्थ पोस्ट भवन, धुन्चेमा रसुवा माध्यमिक विद्यालय (मावि) र राम्चेमा सेतीभूमि माविको भवन बनाइदियो । तर, पहुँच कम भएको कारणले राजनीतिक दलको मिलेमतोमा हाकुलाई आएको राहत धुन्चे र राम्चे सरेको ठम्याइ हाकुलीले गरे ।

यसको विरोधमा कालिकास्थानको गोम्बोडाँडा शिविरका बासिन्दाले राहत बहिष्कार गरे । अरू शिविरका कतिले पनि राहत लिएनन् । स्थानीय व्यक्तिले परियोजना कर्मचारीले राजनीतिक बिचौलियासँग मिलेर चलखेल गर्न खोजेको आरोप लगाए । परियोजनाका कर्मचारीले भने यत्रो दुःख गरेर जम्मा गरेको राहत दिन खोज्दा लिन्नभन्दा र त्यसमाथि गोलमाल भयो भनेर आरोप खेप्नुपर्दा बरु सिधै प्रधानमन्त्री राहत कोषमा जम्मा गरेको भए तनाव कम हुने बताए ।[३२]

स्थानीय समुदाय र जलविद्युत परियोजनाको तनाव अहिले सिर्जना भएको नभई भूकम्पपछि उद्धार, राहत र पुनर्निर्माणमा बल्झिएको मात्रै हो । माथि उल्लेख भए झैँ भूकम्पअघि जग्गा अधिग्रहण गर्दा स्थानीय समुदाय र जलविद्युत परियोजना बीचमा तनाव शुरू भएको देखिन्छ । जलविद्युत परियोजनाबाट प्रभावित स्थानीयले दुई ओटा सरोकार समिति निर्माण गरेबाट तनावको तह थप बुझ्न सकिन्छ । हाकुका साङतेम्बा तामाङको अध्यक्षतामा माथिल्लो त्रिशूली-१ जलविद्युत प्रभावित सरोकार समिति धुन्चेमा गठन भयो भने यो समितिको प्रतिवाद गर्न डिण्डुप तामाङको अध्यक्षतामा माथिल्लो त्रिशूली-१ जलविद्युत प्रभावित सरोकार समिति, हाकु बन्यो (घले र घले सन् २०१७) ।[३३] साङतेम्बा तामाङको समिति र डिण्डुप तामाङको समितिमा कुन वैधानिक भन्नेमा रस्साकस्सी समेत चल्यो । यसबारे छलफल चलिरहेको अवस्थामा नै जलविद्युत परियोजनाले साङतेम्बा तामाङलाई लिएर राहत वितरण गर्‍यो ।[३४] राहत बहिष्कार गर्ने अधिकांशले परियोजनासँग चरणबद्ध छलफल चलिराख्दा साङतेम्बा तामाङले परियोजनासँग मिलेर गएको शंका गरे । पछि यिनै तामाङले नै जलविद्युत परियोजनाको सहयोगमा बनेको हाकुको हेल्थ पोस्टको ठेक्का पाए ।

हाकु पुनर्निर्माणको जिम्मा पाएको जलविद्युत परियोजना सँगको स्थानीयको विवादले परियोजनाले पुनर्निर्माणको काम सोचे जसरी अघि बढाउन सकेन । अरू गाविस जिम्मा

[३१] कोरोना महामारी पछिको अवस्थालाई ध्यान दिएर हाकुको केही परिवारलाई परियोजनाले राहत वितरण गरेको छ । हाकुका एक स्थानीयसँग सेप्टेम्बर १, २०२० मा गरिएको कुराकानी ।

[३२] परियोजनाको कर्मचारीसँग मे १५, २०१६ मा गरिएको कुराकानी ।

[३३] डिण्डुप तामाङ अध्यक्ष रहेको सरोकार समितिको निर्णय पुस्तिका अनुसार ।

[३४] अनुसन्धानको समयमा फरक-फरक मितिमा थुप्रै स्थानीयसँग गरिएको कुराकानी ।

लिनेले जति काम गरे, तुलनात्मक रूपमा हाकुमा जलविद्युत परियोजनाको पुनर्निर्माण एउटा हेल्थ पोस्टमा अड्कियो । तर, जिल्लामा हाकुमा पुनर्निर्माणको जिम्मा भने त्रिशूली-१ जलविद्युत परियोजना (२१६ मेगावाट) कै नाम रह्यो । हाकुमा जलविद्युत परियोजना बाहेक अरूले कसैले काम गर्न चाहे सिफारिस दिन जिल्लाले आनाकानी गर्थ्यो । यसले गर्दा अरू संस्था निर्वाध रूपमा पुनर्निर्माणमा लाग्न अवरोध सिर्जना भयो । तथापि, केही संस्थाले प्रशासनसँग भिडेर काम गरेको पाइन्छ । त्यसमाथि जिल्लामा जिम्मा लिने संस्थाको उक्त गाविसको पुनर्निर्माणमा नेतृत्वदायी भूमिका हुनुपर्थ्यो, तर जलविद्युत परियोजना र स्थानीय बीचको आरोप-प्रत्यारोपको कारणले उक्त परियोजनाले सो भूमिका खेल्न सकेन । यसले हाकुको पुनर्निर्माण पछाडि धकेलियो ।

## निष्कर्ष

मैले शृंखलाबद्ध रूपमा राज्यको शुरू देखिको "रेस्पोन्स" नै हाकु जस्तो गाउँको लागि अमिल्दो छ भन्ने देखाएँ । भूकम्पपछि हाकुमा विभिन्न ठाउँमा सुक्खा पहिरो गयो । सुक्खा पहिरोको कारण साविक गाविसको नौ ओटा वडा मध्ये आठ ओटा वडाका बासिन्दालाई उद्धार गर्नुपर्ने भयो । गाउँलेको हारगुहार प्रशासनले पाँच दिनपछि मात्र सुन्यो । बढी क्षति भएको, पर्यटकीय स्थान भएको, र सामाजिक पूँजी बढी भएको कारण लाङटाङमा खोज र उद्धारको प्राथमिकता पऱ्यो । र, घाइतेको खोज र उद्धारको हिसाबले हाकुमा प्राथमिकता कम पऱ्यो । हाकुबाट विस्थापित भएर आउनेले रसुवाकै धुन्चे, कालिकास्थानको गोम्बोडाँडा, सातबिसे, नौबिसे, बोहोराटारमा आस्थायी शिविर बनाएर बसे । सरकारको निर्देशनमा गाविस सचिवको नेतृत्वमा गठित राज्यको उद्धार समितिभन्दा शिविर पिच्छेका आफ्नै सक्रियतामा गठन भएको समिति भुइँ तहमा चलायमान देखिए । यसबाट राज्यले आफ्नै नागरिक को हो र के गर्छ भन्ने नै चिनेको देखिएन । त्यसमाथि एकतिर केन्द्रित हुँदा अरूलाई पनि प्राथमिकता दिनु पर्छ भन्ने कुरा राज्यले बिर्स्यो ।

त्यसै गरी, देशभरि सबैभन्दा बढी विवाद भूकम्प पीडित पहिचानमा थियो । हाकुमा सबै घर पूर्ण क्षति भएको कारण यो विवाद हुनुपर्ने थिएन । तर, प्राविधिकले घरमूलीसँग छुट्टै बसेर लगत लिने र भूकम्पअघि छुट्टिएको परिवारलाई मात्र लाभग्राहीको सूचीमा राख्ने गरी लगत संकलन गर्ने गाउँको प्रावधान थियो । त्यो सम्भव भएन । झन्, गाउँ तहबाट लगत लिँदा कम देखिएको घरपरिवार संख्या विश्वास नलागेर दोस्रो र तेस्रो पटक लगत लिँदा प्रत्येक चरणमा बढी घरधुरी देखियो । अहिलेको गणना ठीक हो भने, यसले विगतमा राज्यले गरेको गणनामाथि नै प्रश्न उठाएको छ ।

यहाँ मैले सरकारले पुनर्निर्माणमा लिएको प्रशासनिक अभ्यास र काम गर्दा अनुसरण गरेको विधि कति असुहाउँदो छ भनेर केही पक्षको उदाहरण पेश गरेँ जसले पुनर्निर्माण

प्रक्रियामा स्थानीय स्तरमा नागरिकलाई अप्ठ्यारो पारेको इंगित गर्छ । सरकारका प्रतिनिधिका रूपमा स्थानीय स्तरमा कर्मचारी अभाव, उनीहरूले लिएर आउने पुनर्निर्माणको केन्द्रको सपना (घरको नक्सा), र यसले गाउँ तहमा गर्ने अभ्यासले पुनर्निर्माणलाई अप्ठ्यारोतिर लगेको छ । यसले स्पष्ट गर्छ कि तामाङ जाति र स्थानीयको सीप, शैली, कला, मौसम तथा भूगोलको आवश्यकतासँग राज्य पुनर्निर्माणको प्रक्रिया बेखबर छ वा यी तथ्यलाई उक्त प्रक्रियाले नजरअन्दाज गरेको छ ।

त्यसमाथि, बहुसंख्यक परिवारको घरजग्गा गुठीमा दर्ता, आठ ओटा वडाका प्राय: सबै घरपरिवार सुक्खा पहिरोको कारण विस्थापन, र भूकम्पअघि स्थानीय र जलविद्युत आयोजनाको दरार सम्बन्ध जस्ता चरित्र हाकुको विशिष्ट परिस्थिति हो । यही परिस्थितिले गर्दा, पहिलो, गुठीको नाममा भएको घरजग्गाको कारणले निजी आवास सम्झौता अरू ठाउँमा भन्दा करिब १० महिना ढिलो गरियो । दोस्रो, ठुलो संख्यामा घरपरिवार विस्थापित भए । विस्थापित संख्या बढी भएको कारण पुनर्स्थापना लागि उपयुक्त जग्गाको अभावबीच जग्गा पाए पनि एकीकृत बस्ती निर्माण कहिले हुने निधो छैन । त्यसमाथि, एकीकृत बस्तीमा बस्नेका लागि जीविकोपार्जनको मुद्दा ज्यूँका त्यूँ छ । र तेस्रो, माथिल्लो त्रिशूली-१ (२१६ मेगावाट) जलविद्युत आयोजनाले गैससको हैसियतमा हाकुको पुनर्निर्माणको जिम्मा लिए पनि भूकम्प अघिको स्थानीय सँगको सम्बन्धको दरारको कारण जुन तहमा नेतृत्वदायी भूमिका निभाउनु पर्ने हो, त्यो भूमिका निभाउन सकेन । जसले भूकम्पपछि पुनर्निर्माणमा पीडित झन् पीडामा परे ।

भूकम्प पछिको पुनर्निर्माण र पुनर्स्थापना भनेको नै घर निर्माणलाई बुझिँदै आएको छ । तर घरसँगै बस्ती र समुदाय नै तितरबितर भएको छ । राज्यको हालको गतिविधिले यति पर सोचेको देखिँदैन । हाकुबाट विस्थापित भएर रसुवाका विभिन्न ठाउँमा पुग्ने नागरिकलाई जीविकोपार्जन लागि चाहिने भूमि र यससँग जोडिएको सामाजिकताको प्रश्न अझै सुषुप्त नै छ ।

त्यसैले, मैले प्रस्तुत गरेको घटना अध्ययनले नागरिकको समस्याको अन्तरकुन्तरमा राज्य पुग्नै नसकेको देखाउँछ । अर्को अर्थमा भन्ने हो भने, राज्यले आफ्नै नागरिक पनि चिन्न चाहेन (राज र अर्याल २०७३) । राज्यले नागरिकको विविध समस्यासँग भिन्न तरिकाले साक्षात्कार गर्ने भन्दा पनि यिनका पीर मर्का एकै हुन् भन्ने तवरले सम्बोधन गर्‍यो । यसैले पनि हाकुका नागरिकले खोज, उद्धार र पुनर्निर्माणका विभिन्न नीतिगत निर्णयमा कम प्राथमिकता पाए । ठुलो विपद् पर्दा हाकु जस्तो धेरै संख्यामा विस्थापित भएको गाउँको मामिलामा व्यवस्थापन गर्न नेपाल राज्य असफल देखियो । भूकम्पअघि हाकुलीको राज्यप्रति जुन शंका र अविश्वास थियो, विपद्पछि राज्य र उसका प्रतिनिधिहरूले प्रदर्शन गरेका चरित्र र व्यवहारका कारण सो घटेन, बरु बढेर गयो ।

## आभार

यो लेख मार्टिन चौतारीको क्रमभंग अनुसन्धान परियोजना अन्तर्गत गरिएको स्थलगत कार्यबाट तयार पारिएको हो । मलाई घण्टौँ समय दिने रसुवाली र विशेष गरी हाकुलीप्रति आभारी छु । यसै टोलीमा रहेर अनुसन्धानलाई दिशानिर्देश गर्ने भास्कर गौतम, योगेश राज, श्रद्धा घलेलाई विशेष धन्यवाद । टोलीमा रहेर अनुसन्धानमा सहयात्री बनिदिने अस्मिता खनालप्रति कृतज्ञ छु । यहाँ प्रयोग भएको तथ्यांकसँगै लिएका थियौँ । साथै, टोलीका साथी निकी बुढाथोकी, पुष्पा पौडेल, विक्रम धौबन्जार र रवीन्द्र ढकाललाई सम्झन चाहन्छु । मार्टिन चौतारीको प्राज्ञिक लेखन कार्यशाला-५ मा सहभागी भएर विभिन्न चरणमा यो लेखमाथि टिप्पणी गर्ने सञ्जय शर्मा, खेम श्रीस, आन्ना शर्मा, दीपक बाँस्कोटा र वन्दना ज्ञवालीलाई धन्यवाद दिन चाहन्छु । यो लेख पढेर घरिघरि टिप्पणी दिनु हुने प्रत्यूष वन्त, रमेश पराजुली, देवेन्द्र उप्रेती र श्याम कुँवरलाई धन्यवाद दिन चाहन्छु । र, यो लेखलाई आकार दिन शुरूदेखि नै हरबखत साथ-सहयोग गर्ने महेशराज महर्जनलाई धन्यवाद । लेखमा रहेका कमजोरीप्रति भने म आफै जिम्मेवार छु ।

## सन्दर्भ सामग्री

उप्रेती, अरुणा । २०७२ । सुरक्षाकर्मीलाई सलाम ! *नागरिक*, वैशाख २४, पृ. ४ ।

गुरुङ, उषा, दामोदर भण्डारी, दलजित वि.क. श्रीपाली, र जितेन्द्र नारायण देव । २०७२ । *व्यवस्थापिका–संसद : राष्ट्रिय विपद् व्यवस्थापन, अनुगमन तथा निर्देशन उपसमिति (रसुवा जिल्लाको) २०७२ को प्रतिवेदन* । काठमाडौँ : राष्ट्रिय विपद् व्यवस्थापन, अनुगमन तथा निर्देशन विशेष समिति ।

गृह मन्त्रालय । २०७२ । *गोरखा भूकम्प, २०७२ : खोज, उद्धार तथा राहतको एक महिनाको प्रारम्भिक प्रतिवेदन* । काठमाडौँ : गृह मन्त्रालय ।

गौतम, भास्कर र ब्रबिम कुमार । २०७३ । गतिहीन पुनर्निर्माण । *कान्तिपुर,* चैत्र २६, पृ. ६ ।

तामाङ, मुक्तसिंह लामा । २०७३ । पुनर्निर्माण र व्यवस्थापनमा आदिवासी जनजातिको सरोकार र अपेक्षा । "भूकम्पबाट प्रभावित आदिवासी जनजातिहरूको व्यवस्थापन र पुनर्स्थापना" विषयक अन्तरक्रियात्मक कार्यक्रममा प्रस्तुत कार्यपत्र । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, काठमाडौँ, जेठ ११ ।

देवकोटा, सुरेन्द्रराज । २०७२क । एकद्वार बेकार ! *कान्तिपुर*, वैशाख २२, पृ. ७ ।

देवकोटा, सुरेन्द्रराज । २०७२ख । एघार जिल्ला सेनालाई । *अन्नपूर्ण पोस्ट्,* जेठ १७, पृ. ७ ।

नेपाल प्रहरी । २०७२ । गोरखा भुकम्प २०७२ वैशाख १२ गतेको मृतकहरूको जिल्लागत विस्तृत विवरण । http://drrportal.gov.np/uploads/document/552.pdf मा उपलब्ध; वैशाख ४, २०७७ मा हेरिएको ।

नेपाल सरकार । २०७२ । भूकम्प प्रभावित क्षेत्रमा खटिने टोलीको संक्षिप्त कार्यविधि, २०७२ । http://drrportal.gov.np/uploads/document/63.pdf मा उपलब्ध; वैशाख ५, २०७७ मा हेरिएको ।

नेपाली सेना । २०७२क । अपरेशन "संकट मोचन" (भाग २) । www.nepalarmy.mil.np/upload/publications/special/nepali_sankat-mochan-part-2.pdf मा उपलब्ध; वैशाख ४, २०७७ मा हेरिएको ।

नेपाली सेना । २०७२ख । जनताको सेवामा नेपाली सेना विनाशकारी भूकम्प, २०७२ । www.nepalarmy.mil.np/upload/publications/special/nepali_sankat-mochan-part-4.pdf मा उपलब्ध; वैशाख ४, २०७७ मा हेरिएको ।

नेपाली सेना । २०७२ग । समीक्षा तथा सुझावहरू (भाग ३) । www.nepalarmy.mil.np/upload/publications/special/nepali_sankat-mochan-part-3.pdf मा उपलब्ध; वैशाख ४, २०७७ मा हेरिएको ।

नेपाली सेना । २०७२घ । लाङटाङ रसुवाको भूकम्प पीडितको खोज, उद्धार र राहत कार्यक्रममा नेपाली सेना (सेनाको भिडियो बुलेटिन) । www.youtube.com/watch?v=93vZ7LoHbnU&t=79s मा उपलब्ध; वैशाख ४, २०७७ मा हेरिएको ।

पौडेल, निराजन । २०७१ । लालपुर्जा दिलाउने भन्दै डेढ करोड ठगी । https://archive.nagariknews.com/2016/society/nation/story/26844.html मा उपलब्ध; वैशाख ४, २०७७ मा हेरिएको ।

बानियाँ, धर्मबहादुर । २०७२ । पुनर्निर्माणमा नेपाली सेना । *नागरिक*, चैत्र २५, पृ. ९ ।

मानन्धर, राजेन्द्र । २०७२ । सिंगटीबाट सुरु हुने भनिएको पुनर्निर्माण अभियान विवादका कारण अवरुद्ध । https://ekantipur.com/ampnews/2016-03-13/20160313195109.html मा उपलब्ध; वैशाख ४, २०७७ मा हेरिएको ।

मार्टिन चौतारी । २०७३ । *वि.सं. १९९० को भूकम्पपछिको राहत वितरण, पुनर्निर्माण र व्यवस्थापन* । शोध-संक्षेप नं. १७ । काठमाडौँ : मार्टिन चौतारी ।

राज, योगेश र दीपक अर्याल । २०७३ । बिचौलिया जन्माउने रोग । *हिमाल*, असार १२, पृ. १८–२२ ।

रायमाझी, प्रकाश । २०७२ । राहत, उद्धार र नेपाली सेना । *गोरखापत्र*, असार ७, पृ. ७ ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण । २०७२क । *भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण अनुदान सहायताबारे जानकारी पुस्तिका* । काठमाडौँ : राष्ट्रिय पुनर्निर्माण प्राधिकरण ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण । २०७२ख । *भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३* । काठमाडौँ : नेपाल सरकार, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण। २०७३क। *जोखिमयुक्त बस्ती स्थानान्तरण तथा पुनर्स्थापना सम्बन्धी कार्यविधि*, २०७२। काठमाडौँ : नेपाल सरकार, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण। २०७३ख। *भूकम्प प्रभावित व्यक्तिको पुनर्वास तथा स्थानान्तरणको लागि वनक्षेत्रको जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि*, २०७३। काठमाडौँ : नेपाल सरकार, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण।

लाङटाङ न्यूज। २०७३। विस्थापित बस्तीको पुनर्वास तत्काल अघि बढाइने : डा. पोखरेल। https://bit.ly/2VlpOdQ मा उपलब्ध; वैशाख ५, २०७७ मा हेरिएको।

शाह, महेशविक्रम। २०७२। उद्धार र राहतमा सुरक्षाकर्मी। *कान्तिपुर*, वैशाख २३, पृ. ७।

शहरी विकास तथा भवन निर्माण विभाग। २०७२। *डिजाइन सूची : भूकम्प प्रतिरोधी आवास पुनःनिर्माण (भाग १)*। काठमाडौँ : नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग।

Amnesty International. 2017. “Building Inequality”: The Failure of the Nepali Government to Protect the Marginalised in Post-earthquake Reconstruction Efforts. Available at www.amnesty.org/download/Documents/ASA3160712017ENGLISH.PDF; accessed April 17, 2020.

Barry, Ellen. 2015. Nepal Avalanche Carried Half the Force of an Atomic Bomb. Available at www.nytimes.com/2015/12/19/world/asia/nepal-avalanche-langtang.html; accessed April 17, 2020.

Ghale, Shradha. 2015a. Misguided Priorities. *The Kathmandu Post*, June 24, p. 6.

Ghale, Shradha. 2015b. The Heart of the Matter (3 Parts). Available at www.recordnepal.com/perspective/the-heart-of-the-matter-part-3/; accessed May 1, 2020.

Ghale, Subha and Shradha Ghale. 2017. *Study on the Impact of the Upper Trishuli-1, 216 MW Hydropower Project on the Indigenous Communities of Rasuwa*. Kathmandu: Lawyers’ Association for Human Rights of Nepalese Indigenous Peoples.

Government of Nepal. 2014. National Population and Housing Census 2011: Village Development Committee/Municipality (RASUWA).

Available at https://cbs.gov.np/wp-content/upLoads/2018/12/29-Rasuwa_VDCLevelReport.pdf; accessed May 1, 2020.

Horrell, Mark. 2017. The Fate of Langtang Village Two Years after the Nepal Earthquake. Available at www.markhorrell.com/blog/2017/the-fate-of-langtang-village-two-years-after-the-nepal-earthquake/; accessed September 18, 2020.

National Planning Commission. 2015. *Nepal Earthquake 2015: Post Disaster Needs Assessment*. 2 Vols. Kathmandu: National Planning Commission.

Parajuli, Lokranjan. 2016. Flawed Category. *The Kathmandu Post*, May 26, p. 6.

Raj, Yogesh. 2015. Remembering to Forget. *The Kathmandu Post*, June 9, p. 7.

Raj, Yogesh and Bhaskar Gautam. 2015. *Courage in Chaos: Early Rescue and Relief after the April Earthquake*. Kathmandu: Martin Chautari.

Subba, Naresh. 2015. Nepal Earthquake 2015: Nepalese Army Experience and Lesson Learnt. Available at http://dms.nasc.org.np/sites/default/files/documents/Col.NareshSubba.pdf; accessed May 1, 2020.

Tamang, Seira. 2015. Bureaucratising Relief. *The Kathmandu Post*, May 6, p. 6.

The Asia Foundation, UK Aid and Democracy Resource Center. 2015. *Aid and Recovery in Post-Earthquake Nepal (Independent Impacts and Recovery Monitoring Nepal Phase 1: Qualitative Field Monitoring)*. San Francisco: The Asia Foundation, UK Aid and Democracy Resource Center.

## लेखक परिचय

**रुख गुरुङ** मार्टिन चौतारीका अनुसन्धाता हुन् । उनी *नेपालका सामुदायिक विद्यालय : विद्यालय सञ्चालन प्रक्रिया सम्बन्धी सर्वेक्षण* (२०७६) का सह-लेखक हुन् । उनले शिक्षा, प्राकृतिक विपद्, युवाबारे अनुसन्धान गरेका छन् । उनी "युवा" नामक संस्थाका सह-संस्थापक र अध्यक्ष (सन् २००९–२०१२) समेत हुन् । इमेल : rukh.grg@gmail.com